जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ८२ • २०८२ साल साउन २५ गते आइतबार (10 August, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

# जनप्रतिनिधिहरु बीच नै सामञ्जस्यताको अभाव
## २० पालिकाले ल्याउन सकेन बजेट, अन्योलता कायमै

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तहहरुमा जनप्रतिनिधिहरु बीच नै सामञ्जस्यताको अभावले बजेट र नीति तथा कार्यक्रम निर्धारित समयमा आउन सकेको छैन ।

यस क्रममा मधेश प्रदेशका १ सय ३६ वटा पालिकामध्ये २० स्थानीय तहले बजेट र नीति तथा कार्यक्रम निर्धारित समयमा ल्याउन सकेको छैन ।

अधिकांश पालिकामा मेयर-उपमेयर बीचको द्वन्द्व र राजनीतिक स्वार्थका कारण पनि निर्धारित समयमा बजेट ल्याउन सकेका छैनन् ।

धनुषाको १८ स्थानीय तहमध्ये सात वटा पालिकाले बजेट र नीति तथा कार्यक्रम ल्याउन सकेन । प्रमुख र उपप्रमुख विवादले धनुषाको धनौजी गाउँपालिका, मिथिला नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, नगराईन नगरपालिका, कमला नगरपालिका, हंसपुर नगरपालिका र औरही गाउँपालिकाले समयमा बजेट ल्याउन सकेनन् ।

त्यस्तै महोत्तरीका १५ वटा स्थानीय तहमध्ये जलेश्वर नगरपालिका बाहेक अन्य १४ वटा पालिकाले बजेट र नीति तथा कार्यक्रम सार्वजनिक गरिसकेका छन् । जलेश्वर नगरपालिकामा पनि मेयर र उपमेयरबीचको शक्ति संघर्षले नगरसभा रोकिएको छ ।

मधेश प्रदेशको सिरहाका १७ स्थानीय तहमध्ये १६ वटा स्थानीय तहले बजेट र नीति तथा कार्यक्रम ल्याएका छन् । मेयरले समय नदिँदा सिरहा नगरपालिकाको बजेट र नीति तथा कार्यक्रम आउन सकेन ।

बाराको १६ वटा स्थानीय तहमध्ये २ वटा पालिकाले बजेट र नीति तथा कार्यक्रम ल्याएको छैन । जीतपुरसिमरा उपमहानगर र निजगढ नगरपालिकाले मेयर-उपमेयरको विवादका कारण बजेट र नीति तथा कार्यक्रम प्रभावित भएको छ ।

त्यस्तै, सप्तरीका १३ स्थानीय तहले आगामी आर्थिक वर्षका लागि तोकिएको समयभित्र बजेट ल्याएका छैनन् । सप्तरीका ४ पालिकाले अझै नगर-गाउँ सभाका लागि प्रक्रिया नै थालेका छैनन् । ९ वटा स्थानीय तहले नीति तथा कार्यक्रम प्रस्तुत गरेर पनि बजेट ल्याउन सकेका छैनन् ।

त्यस्तै राजविराज नगरपालिका, डाक्नेश्वरी नगरपालिका र अग्नीसाईर कृष्णासवरन गाउँपालिकाले पनि बजेट प्रभावित हुँदै आएको छ ।

अग्नीसाईर कृष्णासवरन गाउँपालिकामा गाउँसभा बोलाउँदा पनि सभाका सदस्य नै उपस्थित हुन नचाहेको बताइएको छ । त्यस्तै खडक नगरापालिका र शम्भुनाथ नगरपालिका तथा तिरहुत, महादेवा, विष्णुपुर र छिन्नमस्ता गाउँपालिकामा केही दिनअघि नै सभा उद्घाटन गरेर नीति तथा कार्यक्रम प्रस्तुत गरे पनि बजेट ल्याउन भने सकेको छैन । त्यस्तै रौतहटको १८ स्थानीय तहमध्ये १३ वटा पालिकाले बजेट र




नीति तथा कार्यक्रम ल्याएका छन् । ५ वटा देवाही गोनाही, बृन्दावन, फतुवा विजयपुर नगरपालिका र यमुनामाई र दुर्गा भगवती गाउँपालिकामा पनि बजेट र नीति तथा कार्यक्रम ल्याउनमा अन्योलता कायमै छ ।

सर्लाहीको २० वटा पालिकामध्ये पर्सा गाउँपालिकाले भने बजेट विनियोजन गर्न सकेको छैन । पर्सा जिल्लाका १४ स्थानीय तहमध्ये चार वटाले बजेट र नीति तथा कार्यक्रम ल्याउन सकेको छैन । पर्साको ठोरी गाउँपालिकाले नीति तथा कार्यक्रम प्रस्तुत गरे पनि बजेट ल्याउन नसकेको अध्यक्ष लालबहादुर श्रेष्ठले जानकारी दिए । त्यस्तै, धोबिनी गाउँपालिकाले बहुमत नपुगेको भन्दै नगरसभा स्थगित गरेको छ । विन्ध्यवासिनी गाउँपालिका र छिपहरमाई गाउँपालिकाले पनि नीति तथा कार्यक्रम र बजेट नल्याउँदा कार्यालयको कामकाजसमेत प्रभावित भएको छ ।

संघीय सरकार र प्रदेश सरकारले बजेट खर्च गरेको अधारमा अनुदान दिने गरेको हुनाले खर्च गर्न नसक्दा विवादित पालिकाहरू कटौतीमा पर्ने र तीनको बजेटको अकार घट्ने देखिन्छ ।

सत्तागठबन्धनमा रहेका नेपाली कांग्रेस र नेकपा एमालेको विवादका कारण पनि धनुषाको नगराइन नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका र मिथिला नगरपालिकामा निर्धारित समयमा बजेट ल्याउन सकेको छैन ।

जनप्रतिनिधिहरु बीचमै रहेको विवाद सुल्झाउनका लागि नेपाली कांग्रेस र नेकपा एमालेले स्थानीयस्तरमा गठन गरेको संयन्त्रले समेत काम गर्नुभन्दा आरोप प्रत्यारोपकै सेरोफेरोमा अल्झेको देखिन्छ ।

तीन पालिकामा मेयर र उपमेयर बीचको विवाद पार्टीमा गएपछि समस्या समाधान गर्नका लागि तीन/तीन सदस्य रहने गरी समिति गठन गरिएको थियो । तर सो समिति पनि एकले अर्कालाई दोष लगाउन थालेपछि अवस्था लथालिंग रहेको छ ।

तर एमाले धनुषाकी इन्चार्जसमेत रहेकी नेतृ जुलीकुमारी महतो महासेठले आफूहरु समस्या समाधानका लागि अग्रसर रहे पनि कांग्रेसले जथाभावी रुपमा अपमानित गर्ने र जनताको काम गर्नै नचाहेको आरोप लगाइन् ।

तर नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पँजियारले नगराइन नगरपालिकालाई लक्षित गरी एमालेले राजनीतिक गर्न खोज्दा प्रभावित भएको बताए ।

उनले नेतृ जुली महतोको स्वार्थका कारण नगरसभा हुन नसकेको आरोप लगाए ।

मेयर-उपमेयरको टकरावको कारण चालु आर्थिक वर्षको योजना मात्रै प्रभावित भएको छैन, आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा समेत ढिलाइ भइरहेको छ ।

## 'जनताले चाहे अहिलेको सत्ता एकैछिनमा ढल्छ'

**टुडे समाचारदाता**

कैलाली । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले जनताले चाहेको खण्डमा अहिलेको शासन सत्ता एकैछिनमा ढल्ने बताएका छन् ।

संघीय लोकतान्त्रिक मोर्चाले कैलालीमा शनिबार आयोजना गरेको वर्तमान राजनीतिक अवस्थाबारे 'जनजागरण अभियान' कार्यक्रममा बोल्दै उनले अधिकार र पहिचानका लागि थारु र मधेशका सयौं सपुतले बलिदानी दिए पनि अधिकारी पाउन नसकेको बताए ।

अध्यक्ष ठाकुरले भने, 'अधिकार र पहिचानको निम्ति थारु र मधेशीका सयौं सपुतहरुले बलिदानी दिए तर हामीले अधिकार पाएनौं ।'

वर्षौंदेखि जरा गाडेर बसेको राजतन्त्र पनि ढलेको बताउँदै जनताले चाहे अहिलेको शासन सत्ता पनि ढल्ने उनले बताए ।

अध्यक्ष ठाकुरले भने, 'जनताले अस्वीकार गरेर राजतन्त्र ढल्न सक्छ भने अहिलेको शासन सत्ता पनि जनताले चाह्यो भने एकछिनमा ढालिदिन सक्छ ।'

उनले देशमा संघीयता आए पनि अधिकार भने नपाएको गुनासो गरे ।










# नेपाली पर्वहरूले समानताको सन्देश प्रवाह गर्दै आएका छन् : उपराष्ट्रपति यादव



काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले नेपालमा मनाइने जनैपूर्णिमालगायत विभिन्न पर्वले विविधताभित्रको एकता, लैङ्गिक समानता र सामाजिक मिलनको सन्देश प्रवाह गर्दै आएको विश्वास व्यक्त गर्नुभएको छ।

श्रावण पूर्णिमा तिथिमा मनाइने रक्षाबन्धन, जनैपूर्णिमा (ऋषि तर्पणी) तथा गुँःपुन्हिको पावन अवसरमा शनिबार देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूमा शुभकामना व्यक्त गर्दै जनैपूर्णिमाजस्ता पर्वहरूले समुन्नत राष्ट्र निर्माणको मार्ग प्रशस्त गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले भन्नुभएको छ, "नेपालमा परापूर्वकालदेखि मनाइँदै आएका जनैपूर्णमाजस्ता पर्वहरू द्रुत गतिमा बदलिँदो आजको जीवनशैली र डिजिटल युगमा आत्मीयता, सांस्कृतिक महत्व तथा भावनात्मक पुनःस्थापनामा सकारात्मक प्रभाव पारिरहेको विश्वास लिएको छु।"

विविध सांस्कृतिक परम्परामा धनी हाम्रो देश र समाजमा एकै तिथिमा विभिन्न नामले मनाइने रक्षाबन्धन, जनैपूर्णिमा तथा गुँःपुन्हि पर्वले आपसी प्रेम, सम्मान, एकता, सौहार्दता र सहयोगको सन्देश फैलाउँदै आएका छन् । भूगोल, जाति, समुदाय र क्षेत्रगत विविधतायुक्त यी मौलिक पर्वहरू रैथाने संस्कृति तथा परम्पराबाट समृद्ध छन्, जुन हाम्रो साझा पहिचान र राष्ट्रिय गौरवका प्रतीक पनि हुन्।

तराई-मधेसमा मधेसीलगायतको समुदायका दिदीबहिनीले रक्षाबन्धनको अवसरमा दाजुभाइलाई राखी बाँध्दै दीर्घायु, सुस्वास्थ्य र समृद्धिको कामना गर्छन् भने दाजुभाइले दिदीबहिनीप्रति समर्पण र संरक्षणको भाव प्रकट गर्ने परम्परा रहीआएको छ। यसले पारस्परिक सम्बन्धलाई अझ मजबुत बनाउन सघाउँदछ । त्यस्तै, यो पर्व जनै पूर्णिमाका रूपमा मनाउनेहरूले यज्ञोपवीत परिवर्तन गरी ऋषिपुजन तथा तर्पण कर्म सम्पन्न गर्दै भव्य आस्थाका साथ मनाउँछन् । यस दिन गुरुजनहरूबाट मन्त्रपाठसहित बाँधिने रक्षासूत्र भय निवारण एवं आत्मबल सुदृढीकरणको प्रतीक मानिन्छ।

नेवार समुदायले श्रावण पूर्णिमालाई 'गुःपुन्हि' को रूपमा मनाउने परम्परा छ । यस पर्वले नेवार समुदायमा शारीरिक शुद्धता, पारिवारिक स्वास्थ्य तथा समृद्धिको कामनासहित धार्मिक एवं सांस्कृतिक पुनर्जागरणको कार्यमा सहयोग गर्दछ। यस अवसरमा क्वाँटी खाने, विशेष प्रकारका रोटीहरू पकाएर घरका देवता तथा पुर्खाका नाममा चढाउने, धार्मिक अनुष्ठान गर्ने, परिवार र समुदायबीच जमघट गर्दै यो पर्व मनाइन्छ। रासस

# प्रधानमन्त्री ओली स्वदेश फिर्ता

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओली भूपरिवेष्ठित विकासशीलराष्ट्रहरू(एलएलडिसी) को तुर्कमेनिस्तानमा सम्पन्न तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा भाग लिई शनिबार स्वदेश फर्कनुभएको छ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले प्रधानमन्त्रीलाई स्वागत गर्नुभयो। सो अवसरमा नेपाल सरकारका मुख्य सचिव, प्रधानसेनापति, सुरक्षा निकायका प्रमुख, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीलगायतको उपस्थिति थियो । प्रधानमन्त्रीको सम्मानमा नेपाली सेनाले सम्मान गारद अर्पण गरेको थियो।

तुर्कमेनिस्तानका राष्ट्रपति सेरदार बेरदिमुहामेदोभ र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको औपचारिक निमन्त्रणामा प्रधानमन्त्री ओली सम्मेलनमा सहभागी हुन त्यसतर्फ जानुभएको थियो । यही साउन २० देखि २३ गतेसम्म (५ देखि ८ अगस्ट) तुर्कमेनिस्तानको 'अवाजा' सहरमा सम्मेलन आयोजना भएको हो।



सम्मेलनमा कम विकसित राष्ट्रहरूको विश्वव्यापी समन्वय ब्युरोको अध्यक्षका रूपमा प्रधानमन्त्री ओलीले सम्बोधन गर्नुभएको थियो। सम्मेलनका क्रममा उहाँले एक उच्चस्तरीय गोलमेच बैठकको सहअध्यक्षता गर्नुका साथै अन्य विविध कार्यक्रममा सम्बोधन गर्नुभएको थियो।

एसिया, युरोप, अफ्रिका र दक्षिण अमेरिकाका ३२ वटा भूपरिवेष्ठित विकासशील देशले सो सम्मेलनमा भाग लिएका थिए । सो सम्मेलनमा समुद्रमा प्रत्यक्ष क्षेत्रीय पहुँचको अभाव, भूपरिवेष्ठित मुलुकहरूले भोग्नुपरेका समस्या र विश्व बजारबाट लिनसक्ने लाभलगायतका विषयमा छलफल भएको जनाइएको छ । ती मुलुकको अन्तरराष्ट्रिय व्यापार अन्य देश हुँदै पारवहनमा निर्भर रहनुपरेको यथार्थलाई दृष्टिगत गरी अतिरिक्त सीमा पार गर्ने ठाउँहरू र प्रमुख बजारबाट लामो दूरी, बोझिलो पारवहन प्रक्रिया र अपर्याप्त पूर्वाधारसँगै यातायात र अन्य लेनदेनसहित कूल लागतमा उल्लेखनीय वृद्धि हुने भएकाले भूपरिवेष्ठित विकासशील देशहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउन सम्मेलन केन्द्रित भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

सम्मेलनका अवसरमा प्रधानमन्त्री ओलीले विभिन्न देशका प्रतिनिधिमण्डल प्रमुख र संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तरराष्ट्रिय संस्थाका उच्चपदस्थ अधिकारीहरूसँग भेटवार्ता गर्नुभएको थियो। समुद्रमा प्रत्यक्ष क्षेत्रीय पहुँच नभएका कारण भूपरिवेष्ठित विकासशील देशहरूले अन्तरराष्ट्रिय व्यापार, कनेक्टिभिटी र आर्थिक विकासको चुनौती सामना गरिरहेका छन्।

प्रत्यक्ष पहुँचका अभावमा विश्वव्यापी बजारबाट उल्लेखनीय लाभ लिन नसकेको, यातायातको विश्वव्यापी सहज सञ्जाल नभएको र खाद्य पूर्वाधार विकास गर्न कठिन रहेको अवस्थामा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सम्मेलन फलदायी हुने विश्वास लिइएको छ।

सम्मेलनले सदस्य राष्ट्रहरूले झेल्नु परिरहेको समस्या समाधानका लागि रणनीतिक साझेदारीसहित लगानी वृद्धि गरी चुनौती सम्बोधन गर्न र यी राष्ट्रहरूको पूर्ण क्षमतालाई आँकलन गर्न सहयोग पुऱ्याउने ठानिएको छ। यसैगरी यी देशलाई सहयोग गरेर आपसी समान र समृद्ध भविष्य निर्माण गर्न सम्मेलनको भूमिका बनेको छ।

यसअघि भूपरिवेष्ठित विकासशील देशहरूको दोस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलन सन् २०१४ को नेभेम्बर ३ देखि ५ सम्म अस्ट्रियाको भियनामा भएको थियो। करिब १० वर्षअघि भएको सो सम्मेलनमा 'अल्माटी कार्ययोजना कार्यान्वयनको समीक्षासहित नयाँ र उदीयमान चुनौतीको सामना गर्न साझेदारी र अवसरका सन्दर्भमा अन्तरराष्ट्रिय, क्षेत्रीय, उपक्षेत्रीय र राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यापार र पारवहन यातायात सहयोग नीतिहरू पहिचान गर्नु र पारवहन यातायात प्रणालीहरू'का विषयमा छलफल भएको थियो।

प्रधानमन्त्री नेतृत्वको उच्चस्तरीय भ्रमण टोलीमा परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, प्रथम महिला राधिका शाक्य, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, सांसद सूर्यबहादुर थापा क्षेत्री, प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य, निजी चिकित्सक प्रा डा दिव्यासिंह शाह,उच्चपदस्थ सरकारी अधिकारी, सञ्चारकर्मी र सुरक्षाकर्मीसमेत सहभागी हुनुभएको थियो ।रासस

# जनै पूर्णिमा र आठौं संस्कृत दिवस मनाइयो

काठमाण्डु । प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी) पर्व आज देशभर नव यज्ञोपवीत एवम् रक्षाबन्धन धारण गरेर मनाइँदै छ।

पूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र बाँध्छन् । तागाधारीले गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवम् डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, बिचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा हालसम्म पनि प्रचलित छ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्व अध्यक्ष एवम् धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले रासससलाई जानकारी दिनुभयो।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ।

**तागाधारीले यज्ञोपवीत धारण गर्दै**

आजकै दिन ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्णका तागाधारीले आफ्नो जनै (यज्ञोपवीत) फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ। यसका लागि श्रावण शुक्ल चतुर्दशीदेखि कपाल मुण्डन गरी एक छाकमात्र खाएर चोखोनीतो गरी बसिन्छ। यसरी व्रत बसेका तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन, र सप्तमृत्तिका लगाएर स्नान गर्दछन् । यसलाई श्रावणी स्नान पनि भनिन्छ।

स्नानपछि जौ तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिन्छ । अरुन्धती सहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवम् तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो।

वैदिक गुरु परम्परा अनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागो समेत भनिन्छ । रक्षाबन्धन बाँध्न एवम् नयाँ जनै फेर्न बिहानैदेखि पशुपतिनाथ मन्दिर परिसर, वसन्तपुरस्थित अशोकविनायक लगायत वाग्मती नदीको किनार र काठमाडौँ उपत्यकालगायत देशभरका मठ मन्दिरमा भक्तजनको भीड लाग्ने गर्छ।

**क्वाँटीको परम्परा**

जनै पूर्णिमाका दिन एघार थरिका गेडागुडी मिसाई भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाइन्छ। यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवम् आयुर्वेद शास्त्रीय मान्यता छ।



विभिन्न थरी गेडागुडीको मिसाएर बनाइएको क्वाँटीको रस खाएमा शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि हुने आयुर्वेदका चिकित्सक डा वंशदीप शर्मा खरेल बताउनुहुन्छ । यसबाट चिसो गाडिएर लाग्ने रुघाखोकीजस्ता रोग पनि निको हुने उहाँले सुनाउनुभयो।

नेपालको तराईक्षेत्रमा भने शनिबारनै दिदी बहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइन्छ । यसबाट दिदी बहिनी र दाजुभाइकाबीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ। अहिले यो परम्परा पहाडी क्षेत्रमा बढ्न थालेको छ।

काठमाडौँको उत्तरपूर्वी भेगमा रहेको मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवम् नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी र कुण्डमा श्रावण शुक्ल पूर्णिमा दिन शनिबार बिहानैदेखि मेला लाग्ने गर्छ।

**आठौं संस्कृत दिवस**

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने विश्व संस्कृत दिवस शनिबार विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ।

जरो किलो प्रतिष्ठान नेपालको आह्वानमा विसं २०७५ देखि विश्व संस्कृत दिवस मनाउन प्रारम्भ गरिएको हो । प्रत्येक वर्ष तिथिअनुसार श्रावणी पूर्णिमा (ऋषितर्पणी)को दिनमा मनाइने विश्व संस्कृत दिवसको आठौँ संस्करण नेपालसहित विश्वका विभिन्न देशमा विविध कार्यक्रमको आयोजना गरी आज मनाउन लागिएको हो।

आठौँ विश्व संस्कृत दिवसको मूल समारोह नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ काठमाडौँमा आयोजना गरिएको विश्व संस्कृत दिवस कार्यपरिषद् (आयोजक समिति)का संयोजक प्राडा माधवप्रसाद पाण्डेयले राससलाई जानकारी दिनुभयो।

संस्कृत भाषामा निहित ज्ञानसम्पदाबारे विश्व समुदायको ध्यानाकर्षण गरी यसको विकासका लागि वैश्विक सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले विश्व संस्कृत दिवस मनाइँदै आएको सङ्कल्पकर्ता डा निर्मलमणि अधिकारीले बताउनुभयो।

प्राचीनकालमा शैक्षिक सत्रको प्रारम्भ श्रावण शुक्ल पूर्णिमाकै दिनदेखि सुरु गरिने हुनाले पनि यसै दिनलाई विश्व संस्कृत दिवसका रूपमा मनाउन थालिएको र विश्व संस्कृत दिवसलाई आधिकारिकता प्रदान गर्नका लागि संयुक्त राष्ट्रसङ्घ समक्षसमेत प्रस्ताव लगिने पनि उहाँले जानकारी दिनुभयो।

नेपालमा आयोजित विश्व संस्कृत दिवसमा जरो किलो प्रतिष्ठान नेपाल, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ, काठमाडौँ विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभाग, त्रिभुवन विश्वविद्यालयको संस्कृत केन्द्रीय विभाग, जयतु संस्कृतम्, हिमवत् आर्ष प्रज्ञा, सनातन धर्म महासङ्घ नेपाल, सहृदयता समाज नेपाल लगायतका संस्थाले सहकार्य गरेको आयोजक समितिका संयोजक पाण्डेयले बताउनुभयो। यसैगरी, विश्व संस्कृत दिवसका लागि अन्तरराष्ट्रिय तहमा सहृदयता इन्टरनेशनल, इन्टरनेशनल फेडेरेशन अफ् सनातन धर्म, नेपाली हिन्दू फोरम युके, सनातन धर्म अष्ट्रेलिया, विश्व भूटानी हिन्दू सङ्गठन, ग्लोबल सोसाइटी फर् पीस एण्ड स्पिरिचुअल साइन्स लगायतका संस्थाले सहकार्य गरेका छन् ।रासस

# लम्पी स्किनको सङ्क्रमणबाट करिब दुई हजार पशुको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। लम्पी स्किन रोगको सङ्क्रमणबाट मधेश प्रदेशमा एक हजार सात सय पशुचौपाया मारिएको जनाइएको छ। भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार लम्पी स्किनबाट ५२ हजार ६८६ पशु सङ्क्रमित भएको र त्यसमध्ये २३ हजार ७०९ वटा पशु उपचारबाट निको भएको जनाएको छ।



लम्पीस्किन रोग लाग्दा पशुलाई शुरुमा ज्वरो आउने, शरीरमा घाउ खटिरा आउने तथा घाँस र पानी खान नखोज्ने लक्षण देखिने गरेको मन्त्रालयले जनाएको छ। रोगको पहिचान भएका पशुमा खोप लगाउने अभियान पनि सुरु गरिएको मन्त्रालयको भनाइ छ। अभियान अन्तर्गत हालसम्म प्रदेश भरिका दुई लाख ४५ हजार पशुलाई खोप लगाइएको छ।

मन्त्रालयले दुई लाख ३१ हजार ५१५ पशुलाई विज्ञ केन्द्रमार्फत खोप दिइएको छ भने स्थानीय तहमार्फत धनुषामा ५६६, सर्लाहीमा १७५ तथा रौतहटमा तीन हजार ७०० पशुलाई खोप लगाइएको छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | बौद्धिकक्रियाकलापमासक्रियताबढ्नेछ। |
| वृष : | वृष राशीका व्यक्तिहरु आज धनागम हुने, स्वास्थ्य राम्रो रहनेछ। |
| मिथुन : | परिश्रम अनुसारको उपलब्धि पाउन कठिन हुन सक्छ। |
| कर्कट : | स्वास्थ्यमा कमजोरीको अनुभूति हुन सक्छ। काममा उचित समय दिन सकिदैन। |
| सिंह : | पारिवारिकसुखमिल्नुकासाथैअध्ययन अध्यापनको क्षेत्रमा प्रगति हुनेछ। |
| कन्या : | परिश्रमको प्रतिफपल ढिलो गरी प्राप्त हुन सक्छ। |
| तुला : | मनमा उत्साह र उमङ्ग रहन सक्छ। |
| वृश्चिक : | सम्पन्न हुन लागेको काममा विघ्नबाधा आउन सक्छ। |
| धनु : | मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| मकर : | विद्यार्थीहरुले पढाईबाट सफलता प्राप्त गर्न सक्ने समय छ। |
| कुम्भ: | ठुलो लाभ लिन नसकिए पनि व्यवसायिक यात्राको सम्भावना छ। |
| मीन : | गोचरमा अष्टम चन्द्रमाको प्रभावले शरीरमा चोटपटक लाग्न सक्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषा-सिरहा जोड्ने कमला नदीमा निर्माण गरिएको काठेपुलमा रक्षा बन्धनको अवसरमा देखिएको आवतजावत गर्ने सर्वसाधारणको भीडभाड। नदीमा भाँसिएको पक्की कमला पुलको पुनर्निर्माण नहुँदा सर्वसाधारणलाई आवतजावत गर्न कठिनाई हुँदा सिरहा नगरपालिका काठेपुल बनाएर सञ्चालनमा ल्याएको छ। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# बसको ठक्करबाट मृत्यु



राजविराज । सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिका-२ चाँदनी चोकमा बसको ठक्करबाट आज एक जनाको मृत्यु भएको छ।

स्थानीय सीतापुरका ६८ वर्षीय बुदुर चौधरीको बसको ठक्करबाट घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव काफ्लेले जानकारी दिनुभयो ।पश्चिमबाट पूर्वतर्फ गइरहेको ना प्र १-०१-००१ ख ४५६० नम्बरको बसले पूर्व-पश्चिम राजमार्गअन्तर्गत चाँदनी चोकमा सोही पूर्वतर्फ जाँदै गरेका साइकलमा सवार चौधरीलाई पछाडिबाट ठक्कर दिएको थियो।

चौधरी आफ्नो धानखेततर्फ जाँदै थिए। ठक्कर दिने बस र चालक इलाका प्रहरी कार्यालय कञ्चनपुरको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घटनापछि आक्रोशित स्थानीय र मृतकका आफन्तले बिहानैदेखि पूर्व-पश्चिम राजमार्गको चाँनदी चोकमा सडक अवरुद्ध गरेका छन् । अवरोधका कारण सयौँ सवारीसाधन सडकमा थन्किएका छन् र हजारौँ यात्रुबीच बाटोमै अलपत्र परेका छन् ।रासस

# मिथिलामा राखी पर्व मनाइयो

महोत्तरी। साउन मध्ययता मन्दमन्द वर्षा भइरहेबीच मधेसको महोत्तरीसहितका मिथिला क्षेत्रमा आज राखी पर्व परेको छ। साउन मध्ययता पानी पर्न थालेपछि ढिलै भए पनि धान रोपाइँ गर्न पाएका मैथिल (मिथिलाका बासिन्दा) शनिबार खुसीसाथ राखी पर्व मनाएका छन्।

चन्द्रमासको साउन पूर्णिमाका दिन मनाइने यो पर्व दाजुभाइ दिदीबहिनीबीच प्रेम र आपसी सद्भावको प्रतीक मानिन्छ। पर्वमा दिदीबहिनीले दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै दाहिने हातको नारीमा रक्षासूत्र (डोरा, धागो) बाँधिदिने परम्पराको यो पर्वलाई मिथिलामा ‘राखी’ भनिन्छ।



पर्वका लागि दाजुभाइ तथा दिदीबहिनीको तयारीले सम्पूर्ण मिथिलानै केही दिन पहिलेदेखि नै राखीमय बनेको छ। पर्वले आज सखारेदेखि बजारु चहलपहल निक्कै बढेको छ।

मुख्यत साउन मध्ययता भइरहेको पछिल्लो बर्सातले पर्वमा हासीखुसी छाएको छ। ढिलै भए पनि मुख्यबाली धान रोप्दै राखी मनाउन पाइनुले यसलाई मैथिलले पर्वको सुलक्षण भएको बताएका छन्। “यसपालि लामो खडेरी पऱ्यो, समयमा बाली लगाउन नपाएको चिन्ता थियो, साउन शुक्लपक्षले राहत नै दियो” जलेश्वर-४ सुगाभवानीपट्टीका धीरेन्द्र राय भन्नुहुन्छ, “यो साउने पूर्णिमाको सुलक्षण हुनपर्छ। यो साउन शुक्लपक्षको वर्षाले पर्व रमाइलो बनाएको रायको कथन छ। “खेतीपातीका काम राम्ररी नचल्दा चाडपर्व निरस हुन्छन्” राय भन्नुहुन्छ, “राखी पर्व पछिल्लो वर्षाले खुसीसाथ मनाउने अवसर दिएको छ।”

राखी पर्वले केही दिन पहिलेदेखि नै बजारमा चहलपहल बढेको छ। जता हेऱ्यो रङ्गीचङ्गी ‘राखी’ सजाएर बेच्न राखिएका छन्। पसलमा आफ्ना दाजुभाइका लागि विभिन्न रङका रक्षासूत्र (राखी) किन्न केही दिन पहिलेदेखि नै यस्ता पसल अगाडि मिथिलानी (मिथिलाका नारी) को जमघट देखिँदै आएको छ। राखीसँगै पर्वमा दाजुभाइलाइ ख्वाउन मिष्टान्न परिकारको जोहोमा मिथिलानी छन्। यसले आज सखारैदेखि मिठाई पसलमा भीडभाड देखिएको छ।

पर्वका लागि दिदीबहिनीको राखी बाँध्ने निम्ता मान्न टाढाटाढा बस्ने दाजुभाइ घर फर्केका छन्। मिथिलामा यो पर्व विवाह भएका दिदीबहिनीले आफ्नै घर वा माइतमा सुविधाअनुसार मनाउँछन्। अविवाहित चेलीको त दाजुभाइकै घर आफ्नो भएकाले घरमै पर्वको तयारीमा किशोरी र मैथिल नवयौवना ब्यस्त देखिँदा छन्। ससाना नानीहरूका लागि पर्वको तयारीमा घरका अभिभावकले सहयोग गर्दैछन्।

मिथिलाका सबै क्षेत्रमा दाजुभाइ/दिदीबहिनीबीच प्रेम, सद्भाव र एकअर्काप्रतिको समर्पण भाव झल्कने गीत गुञ्जिरहेका छन्। मिथिलामा यो पर्व लोकसंस्कृतिको अभिन्न अङ्ग नै बनेको छ। हिन्दू मैथिल परम्पराको यो पर्व अब सबै भाषाभाषी र धर्म समुदायमा समान रूपले लोकप्रिय बनेको मटिहानी-७ स्थित राजकीय संस्कृत माध्यमिक विद्यालय (बोलीचालीमा गुरुकुल) का प्रधानाधयापक ईश्वरी पौडेल बताउनुहुन्छ। पर्वमा दिदीबहिनीले राखी बाँधी दिएर मिष्ठान्न परिकार ख्वाएपछि दाजुभाइले वस्त्रआभुषण र नगद दक्षिणा चेलीलाइ दिने गर्दछन्। हिन्दू परम्पराको रक्षाबन्धन पर्वकै एक अङ्गका रूपमा राखी स्थापित भएको यहाँका बुद्धिजीवी बताउँछन्। रक्षाबन्धन पर्वमा गुरूपुरोहितले अभिमन्त्रित डोरा शिष्य र यजमानलाई बाँधिदिने चलन पनि मिथिलामा छ। यद्यपि पर्वको मुख्य आकर्षणचाहिँ दिदीबहिनीले बाँधीदिने राखीकै हुने गरेको एकडारा गाउँपालिकाको बगेया बस्तीका २५ वर्षीय युवा दीपक पाण्डेयको भनाइ छ।

अघि सत्ययुगमा तीनै लोक (स्वर्ग, मर्त्य र पाताल)को अधिपति रहेका दानवराज बलिलाई उनका गुरु शुक्राचार्यले देवतासँगको युद्धमा जानअघि शास्त्रोक्त विधिले अभिमन्त्रित गरिएको डोरा (रक्षाकवच, रक्षासूत्र) बाँधिदिएका विश्वासको परम्परामा पुरोहितबाट डोरा बाँध्ने चलन छ। त्यसैसँग जोडिएका अर्को प्रसङ्गमा बलिका बहिनीहरू गङ्गा र यमुनाले युद्धमा जानअघि विजयको कामना गर्दै हातमा रक्षाबन्धन (रक्षाकवच) बाँधी दिएका र सो युद्धमा बलिको जित भएको सम्झनामा प्रत्येक वर्षको साउन पूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै राखी बाँधी दिने परम्परा बसेको मिथिला क्षेत्रमा जनविश्वास छ।रासस

# पाँच हजार नेपालीलाई उद्यमी बनाउने आदित्य झाको सपना

काठमाण्डु। तराइको सामान्य गाउँ र पारिवारिक पृष्ठभूमिबाट सुरू भएको उहाँको जीवन यात्रा हाल अन्तरराष्ट्रिय जगत्सम्म फैलिएको छ । एक सफल उद्यमी, परोपकारी, समाजसेवीका रूपमा परिचित उहाँका अनुभव यस आलेखमा खोतल्ने प्रयास गरिएको छ । उहाँले नेपालमा लगानीका लागि गरेका प्रयासहरू कस्ता रहे त ? उहाँबाट यी र यस्ता प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरिएको छ।

नेपाली मूलका क्यानडेली व्यवसायी। ‘अर्डर अफ क्यानडा’ प्राप्त सफल उद्यमी । डिजी मार्केट इन्टरनेसनलका संस्थापक। महोत्तरी जिल्लाको सीमावर्ती क्षेत्र मधवा गाउँमा जन्मिनुभएको हो, आदित्य झा । उहाँ नेपालमा उद्यमशीलता विकास गर्नका लागि लोभलाग्दा अवसर रहेको बताउनुहुन्छ।



झाको दाबी छ, “यदि मलाई नेपालमा काम गर्ने मौका दिइयो भने म परिणाम पनि दिन सक्छु। कसरी जम्मा एक जनाले सिंगापुर बनाउन सक्छ ? किन नेपालमा त्यस्तो दूरदर्शी नेता छैन ?”

थुप्रै नेपाली विदेश गएर उद्यम व्यवसायीमा जमेका छन्। लोभलाग्दा सफलता छन् । उनीहरूले नेपाललाई साँच्चिकै माया गर्छन् र फर्किएर यहीँ काम गर्न चाहन्छन्। त्यसका लागि के गर्नुपर्ने हो ?

“पलायन नेपालमा सामाजिक रोग बनेको छ। किनभने यहाँका धेरैजसो युवाले सोच्छन्- हामी गरिब छौँ, हाम्रो जीवन राम्रो छैन । सरकारी जागिर खोज्ने वा विदेश जानुलाई जीवनको ठूलो उपलब्धि ठान्छन् । तर उनीहरूलाई साना व्यवसायमार्फत आत्मनिर्भर बनाउन सकिन्छ। रु ५० हजारदेखि १० लाखसम्मको पुँजी दिएर क्रमिक रूपमा सशक्त उद्यमी बनाउन सकिन्छ”, उहाँ विश्वासका साथ भन्नुहुन्छ।

सन् २०१८ देखि २०२३ सम्म झा नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालयअन्तर्गत खरिद व्यवस्थापनमा जोडिएको सफ्टवेयर प्रणाली सञ्चालनसँग जोडिनुभयो । “मेरो कम्पनीले त्यहाँ पाँच वर्षसम्म काम गऱ्यो । ठूलो टोली थियो । तर पछि अर्को कम्पनीलाई काम दिइयो । अहिले सुनिरहेको छु, खरिदसँग सम्बन्धित अनलाइन प्रणाली फेरि अस्तव्यस्त छ”, उहाँले सुनाउनुभयो।

नेपालको खरिद प्रक्रियालाई ‘ग्लोबल सेन्टर अफ एक्सिलेन्स’ बनाउने योजनाले काम गरेको उहाँ सुनाउनुहुन्छ। तर अस्थिरता र भ्रष्टाचार ? को कोपभाजनमा पऱ्यो उहाँको योजना। “नेपालमा न काम हुन्छ न भ्रष्टाचार रोकिन्छ। अरू देशमा पनि भ्रष्टाचार हुन्छ, तर कम्तीमा काम त हुन्छ। यहाँ त केवल भ्रष्टाचार हुन्छ, काम नै हुँदैन”, यो उहाँको कटु अनुभव हो।

“सबैभन्दा पहिले खराब कर्मचारी र विचौलियाबाट बचाइदेऊ । किनभने अहिले भइरहेका धेरै काममा आसेपासेहरूले फाइदा उठाइरहेका छन्”, उहाँको भनाइ थियो।

नेपालमा झाका नराम्रा अनुभव मात्रै रहे। उहाँलाई लाग्छ, आलोचनात्मक राजनीतिक सोच राखेर इमान्दारीपूर्वक काम गर्ने र योग्य मान्छेहरू ल्याएर जिम्मेवारी दिने हैसियत अहिले नेपालको राजनीतिमा छैन। नेपाल त्यसका लागि तयार पनि छैन । सूचना प्रविधि र कृत्रिम बौद्धिकताको क्षेत्रमा नेपालले धेरै गर्न सक्छ । तर त्यसका लागि व्यवसायीलाई कुनै हस्तक्षेप नगरी काम गर्न दिनुपर्छ।

“बीस वर्षअघि भियतनाम कहाँ थियो र नेपाल कहाँ थियो ? तर अहिले भियतनाम कहाँ पुग्यो ? नेपाल किन रोकियो भन्ने कसैले प्रश्न गर्दैन ।” उहाँको बुझाइमा राजनीतिक दूरदर्शिता भएको नेतृत्व नेपालल पाउन सकेन । नागरिकमा पनि ‘यो मेरो देश हो’ भन्ने भावना नहुनु र देशलाई माया गर्ने भावना हराउनुलाई पनि उहाँ समस्याका देख्नुहुन्छ।

“राष्ट्रको समृद्धिमा राजनीतिज्ञको ठूलो भूमिका हुन्छ”, उहाँले जोड दिएर भन्नुभयो । “कस्तो भूमिका ?”“मुलुकको समृद्धि भनेको दियोजस्तो हो। दियो आफैँ बल्छ, तर हावा चल्दा निभ्न नदिन केही चाहिन्छ। राजनीति भनेको त्यही हावा लाग्दा दियो निभ्न नदिने छेकबार हो।”

उहाँले भारतको आन्ध्र प्रदेशका मुख्यमन्त्री चन्द्रबाबु नायडुलाई उदाहरण दिँदै भन्नुभयो, “एक नेताको भिजनले हैदरावादलाई आइटी हब बनायो। जब उनले हैदरावादलाई सूचना प्रविधिमा लैजान सुरू गरे, त्यसबेला कसैले हैदरावाद चिनेका थिएनन्। भारतमा बैङ्गलोर, चेन्नई, दिल्ली र मुम्बई मात्र चर्चामा थिए। तर अहिले हैदरावाद कहाँ पुग्यो ?”

उहाँलाई लाग्छ, यस्तै केही राजनीतिक दृष्टिकोण भएका नेताहरू र केही उद्यमीहरू मिलेर अघि बढ्न सके नतिजा देखिन्छ।“नेपालले सूचना प्रविधि, कृत्रिम बौद्धिकताजस्ता क्षेत्रलाई प्राथमिकता दिएर पाँच-दश उद्यमी पहिचान गरेर भन्नुपर्छ, “हामी तिमीहरूलाई छुँदैनौँ, जाऊ, संसार जितेर आऊ, नेपालबाट केही बनाऊ, त्यसपछि हेरौँ, कस्तो नतिजा आउँछ”, झाको उत्साही निष्कर्ष थियो।

नेपाल अहिले सूचना प्रविधि क्षेत्रलाई प्राथमिकता दिइरहेको छ। झाको विज्ञताको क्षेत्र पनि आईटी भएकाले यस क्षेत्रमा किन नजाने ? जवाफमा उहाँले अर्को तितो अनुभव सुनाउनुभयो । आइटीमा आफूले पाएको सफलताको अनुभवमा उहाँ भन्नुहुन्छ, “तपाई नेपालको आइटी क्षेत्रमा काम गर्नुहुन्छ भने तपाईंको सफलता फरक हुन्छ, त्यही व्यक्ति पटना (भारत) मा आइटी पेसामा भए अर्को हुन्छ।”

अहिले झा विद्युतीय सार्वजनिक खरिद (इ-प्रोक्युरमेन्ट) र बोलपत्र व्यवस्थापन गर्ने विश्वकै पुरानो र ठूलो कम्पनीमध्ये कम्पनी डिजिमार्केट इन्टरनेसनल इन्कको नेतृत्व गरिरहेका छन् । यो कम्पनीका नौ देशमा कार्यालय छन् । कतै एक जना मात्र कर्मचारी छन्, कतै तीन जना । भारतमा सबैभन्दा धेरै ८० हाराहारी कर्मचारी छन् । तर झाको सपना भनेको नेपालमै यसलाई विशाल बनाउने थियो।

किन यस्तो सफलता नेपालमै सम्भव भएन ? क्यानडा नै किन जानुपर्यो ? किन यस्तो सफलता नेपालमै बन्न सक्दैन ? किन मानिसहरू विदेश गएर मात्रै राम्रो गर्छन् ? यहाँ यो किन सम्भव भएको छैन ? अनि विदेश गएर सफल भएका नेपालीहरूले फर्केर यहाँ आएर यस्तो बनाउन सक्छन् कि सक्दैनन् ?”उहाँलाई लाग्छ - सायद नेपालको राजनीतिक अस्थिरता, प्रशासनीक उल्झन, भनसुनको प्रवृत्ति मुख्य समस्याहरू हुन्।

“म टोरन्टोमा बसेको मान्छे, मलाई थाहा छैन त्यहाँको प्रहरी कमिस्नर को हुन् । मलाई थाहा हुनु पनि पर्दैन । तर नेपालमा मानिसहरू गर्वका साथ भन्छन्, “म फलानो डिएसपीलाई चिन्छु, फलानो मन्त्री, फलानो जिल्लाको सिडिओलाई चिन्छु”, झाको जवाफ थियो ।भनसुन प्रवृत्ति नेपालको समस्या हो। अरु देशमा नागरिकलाई सबै नेताको नाम थाहा नहुन सक्छ। किनभने उनीहरूलाई थाहा हुनुपर्ने नै हुँदैन । “तपाईं आफ्नो काम गर्नुहोस्, त्यसैमा महत्व छ। यो नै सभ्य समाजको चिनारी हो।”

उहाँले अगाडि थप्नुभयो, “हामी नेपाल सानो देश भन्छौँ। तर सिङ्गापुर पनि त सानो नै हो। युरोपका धेरै देश त नेपालभन्दा पनि साना छन्। तर तिनको विकासमा भूगोलले कहिले रोक लगाएन। समस्या हाम्रो सोचाइ र संरचनामा छ।”सन् २००३ तिर झालाई व्यावसायिक सफलता मिलिरहेको बेला उहाँको मनमा एउटा सपना पलायो, “नेपालमा पनि आइआइटीजस्तो संस्था कसरी सुरू गर्न सकिएला ?”

त्यो बेला भारतमा जम्मा चार/पाँच वटा मात्र आइआइटी थिए । अहिले त्यो सङ्ख्या निकै बढिसकेको छ ।उहाँले सम्झनुभयो, “तपाईं इतिहास हेर्नुहोस्, अक्सफोर्ड, क्याम्ब्रिज, हार्वर्डजस्ता विश्वविद्यालयहरू पनि व्यापारीहरूको आर्थिक सहयोगबाट नै राम्रो बनेका हुन्। तर ती विश्वविद्यालय स्वतन्त्र थिए। व्यवसायीहरूले पैसा त दिए, तर चलाउने उनीहरूले होइन।”

झाले नेपालका विद्यालयहरूलाई सहयोग गर्ने चाहना राख्नुभएको थियो । तर नेपालमा अवस्था फरक छ। उहाँ भन्नुहुन्छ, “कुनै ट्रस्ट बनाइयो भनेर नाफारहित त भनिन्छ, तर नाफा चाहिँ व्यक्तिको खल्तीमा जान्छ । अस्पताल ट्रस्टको नाममा खोलिन्छ, तर पैसा घुमाएर उनीहरूकै खल्तीमा। यो प्रवृत्ति नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश र श्रीलङ्कामा उस्तै छ।”नेपालमा काम गर्ने उहाँका अनुभव खासै राम्रो रहेनन्।

“जब मैले राम्रो पैसा कमाएँ, तब लाग्यो- किन काठमाडौँ वा नेपालमा एउटा आइआइटीजस्तो संस्था हुँदैन”, उहाँले दुई दशक अघिको प्रयास सम्झिनुभयो । नेपालमा करिब १०० करोड लगानी गरेर एउटा इन्स्टिच्युट अफ टेक्नोलोजी खोल्ने । व्यवसाय वा नाफाका लागि होइन, सरकारी मापदण्डमा चल्ने तर प्राइभेट- हार्वर्ड, एमआइटीजस्तै।

झाले अनुभव सुनाउनुभयो, “म करिब एक वर्षसम्म त्यसमा लागेँ । क्यानडाबाट मान्छे झिकाएँ। तर म असफल भएँ। त्यो बेला म अलि अनुभवहीन थिएँ। आजको दिनमा गर्ने भए अर्कै शैलीमा गर्थेँ । किनकि अहिले मैले नेपाललाई धेरै बुझिसकेको छु ।”त्यो प्रोजेक्ट व्यावसायिक फाइदाको लागि थिएन भन्ने बुझाउन सकिएन कि जस्तो लाग्छ झालाई।

उहाँको दोस्रो अनुभव पनि उस्तै ।अमेरिकामा बस्ने झाका एकजना प्रोफेसर साथी आएर भने “आदित्यजी, तपाईंले काठमाडौँका स्कुलमा कम्प्युटर बाँड्नका लागि लागि पैसा दिनुपर्छ।”झाले सोध्नुभयो, “कति चाहिन्छ ?”साथीले भने “१० वटा स्कुलका लागि डेस्कटप।”


सायद झाले करिब १० हजार डलर दिनुभयो ।केही महिनापछि थाहा भयो - कम्प्युटर स्कुलमा त पुगेछन्, तर चल्दैनन्।

भएछ के भने, झाले विश्वास गरेको व्यक्ति नेपालका एक मन्त्रीका भतिजा रहेछन्। उनीहरूले नयाँ कम्प्युटर किन्नुपर्नेमा पुराना किने । ढुवानीमा धेरै पैसा खर्च गरेँ । अनि ती कम्प्युटर स्कुलमा राखिदिए ।यो कुरा झालाई थाहा भएपछि झाले आफ्नो साथीलाई त्यो प्रोजेक्टबाट आफ्नो नाम हटाउन भने । यो प्रयास पनि असफल भयो।

तेस्रो, कसैले उहाँलाई सुनाए, “तपाईं त तराईको मान्छे, जनकपुरका स्कुललाई सहयोग गर्नुस् ।रासस

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल
स्वयंसेवक शिक्षक भर्ना सम्बन्धी सूचना
सूचना प्रकाशन मिति: २०८२/०४/२५
माध्यमिक तह (कक्षा ९-१०) का लागि स्वयंसेवक शिक्षक करारमा भर्ना लिने सम्बन्धी विज्ञापनको सूचना शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामको वेभसाइट https://moec.madhesh.gov.np/ मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।
निमित्त प्रदेश सचिव

घर भाडामा
(१) जनकपुरधाम उ.म.न.पा. वडा नं. ४, मुरली चौक निर्वाचन कार्यालय अगाडी पुर्व मुख मौहरा भएका दुई तल्ले घरको भुइ तल्लामा ९ वटा कोठा ग्यारेज र ३ वटा स्नान घर शौचालय भएको कम्पाउण्ड वाल भएको जमीन ढलान रहेको दुई र चार पाङ्ग्रे सवारी साधन राख्ने पार्किङ्ग सुविधा सहित बिजुली र पानीको छुट्टै व्यवस्था समेत रहेको घर बहालमा रहेको छ।
(२) जनकपुरधाम उ.म.न.पा. वडा नं. १८ महुवाको टावर निर हरलाखी जाने बाटो तर्फ १०० मी. दुरीमा ५ कठ्ठा १० धुरमा दुवै तर्फ कम्पाउण्ड वाल भएको र उत्तर तर्फ १३ फिट सडकमै १३ वटा कोठा मंदिर समेत अति सुविधा सम्पन्न भएको घर बहालमा रहेकोछ।
उपरोक्त घरहरुमा विद्यालय, नर्सिङ्ग होम, सरकारी कार्यालय र ट्रेनिङ्ग सेन्टरको लागि उपयुक्त रहेको हुनाले घर भाडामा लिन इच्छुक महानुभावहरुले तलको सम्पर्क नं. मा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।
सम्पर्क नं.
९७४४२०६०५५, ९८१७८१६६८५, ९८४४०२१९९५



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# उखु किसानको माग पूरा गर

उखुमा दिँदै आएको अनुदान सरकारले कटौती गरेपछि उखु किसानहरु फेरि आन्दोलनमा उत्रिएका छन् । मधेश प्रदेशमा पानी नपर्दा यसपाली समयमा किसानले धान रोपाइँ गर्न सकेनन् । सिचाइँका लागि सधैँ सकसपूर्ण जीवन व्यतित गरिरहेका किसानले थोरै पानीमा उखु उत्पादन गरिरहेका छन् । त्यसमा पनि चिनीको राजनीतिले थला परेका उखु किसानको समस्या सुन्ने अहिलेसम्म पनि कोही नभएको बेलामा केपी शर्मा ओली नेतृत्वको सरकारले उखु किसानलाई नाममा मात्रको राहत दिँदै आए पनि यसपटक देखि अनुदान कटौती गरेपछि उखु किसानहरु थप मर्कामा परेका छन् । उखु किसानले विभिन्न समस्या, बाधा अवरोध खेप्दैँ आएका छन् । यसप्रति सरकार कहिल्यै पनि गम्भीर भएन । जेनतेन उखु उत्पादन र थोरै भए पनि केही राहतस्वरुप प्राप्त भइरहेको अनुदान कटौतीले उखु किसानको हौसलालाई झन् खस्काउने कार्य सरकारले गर्नु उखु किसान विरोधि रहेको समेत किसानहरुले आरोप लगाउन थालेका छन् । यसअघि सरकारले प्रति क्वीन्टल ७० रुपैयाँ अनुदान दिँदै आएको थियो । सो अनुदान कटौती गरेपछि किसानहरु केही सातादेखि चरणवद्ध आन्दोलनमा उत्रिएका छन् । उखु उत्पादक कृषक महासंघ र उखु उत्पादक कृषक संघका पदाधिकारीसहित आन्दोलित किसानहरूले वर्षेनि उखुको मूल्य निर्धारण गर्नुअघि उखु किसानका प्रतिनिधि, चिनी उद्योग र सरकारबीच सहमति गरिनुपर्ने, गत वर्षको अनुदान बापतको रकम तत्कालै उपलब्ध गराउन समेत किसानले माग राखेका छन् । माग सम्बोधन नभए आगामी महिना राजधानी केन्द्रित आन्दोलन गर्ने केन्द्रीय उखु किसान संघर्ष समिति नै गठन गरिएको छ । १५ वर्ष अघि किसानहरुको बृहत् आन्दोलन पश्चात् सरकारले उखुमा अनुदान दिने घोषणा गरेको थियो । चिनी बेचेर आउने राजस्वको ९० प्रतिशत भनी २०६६ सालमा ६५ रुपैयाँ सरकारी अनुदान र बाँकी मूल्य किसान प्रतिनिधि र उद्योगीबीचको सहमतिमा तय गरिँदै आएको थियो । ०७२/७३ तिर चिनीको मूल्य निकै घटेपछि सरकारले अनुदान थपेर प्रति क्विन्टल ७० रुपैयाँ पुर्‍यायो तर त्यो पनि हचुवामा दिइएको आरोप किसान प्रतिनिधिले लगाउँदै आएका छन् । सरकारले २०७६/७७ सालदेखि उखु किसान र उद्योगपतिको सुझाव एवं चिनीको मूल्यका आधारमा सरकारले उखुको मूल्य तोक्दै आएको थियो । उद्योगीले लागत नभई चिनीको मूल्यका आधारमा उखुको भाउ दिन सक्ने तर्क गर्दै आएका छन् । गतवर्ष २ करोड १६ लाख क्वीन्टल उखु क्रसिङ भएको अनुमान गरिएको र यस अनुसार १ अर्ब ६० करोड रुपैयाँको हाराहारीमा अनुदान रकम चाहिने थियो तर सरकारले चालू वर्षको बजेटमा उखुको अनुदानलाई निरन्तरता दिइएको छैन । जसले गर्दा उखु किसान बाध्यतावश आन्दोलित भएका छन् । उखु किसानको जायज माग पूरा गर्न सरकारले किसानमैत्री सरकार रहेको भन्ने पुष्टि गर्नु पनि आवश्यक छ ।

# चुरेको प्रकोपमा मधेश प्रदेश !



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

नेपालको तराई खाद्यान र पिउने पानीको भण्डारको रुपमा चिनिन्छ । तर, एक दसकदेखि तराईको स्वरुप फेरिँदै छ । भूमिको क्षयीकरण, उत्पादनमा ह्रास, खेतियोग्य जग्गाको व्यापक रुपमा बर्षेनी कटेर नदीमा समाहित हुनाले वस्तुतः तराईको वास्तविक स्वरुप फेरिँदै मरुभूमितर्फ उन्मुख हुने खतरा मडारिन लागेको अनुभूति भइरहेका छन् । खानेपानीको अभाव नहुने तराईको कतिपय ग्रामीण र शहरी क्षेत्रमा पिउनका लागि ट्याङ्करबाट पानी वितरण हुने खवरले त साँच्चिकै तराई मरुभूमितर्फ पाइला चालेको त होइन भनेर सोच्न विवश हुनुपरेको छ । समयमैं सरकार र समाजलाई सचेत एवम् अनुशासित भएर चुरेको संरक्षणका लागि प्रतिबद्ध हुनुपर्छ । चुरेबाट अर्थ आर्जन र राजनीतिकरणमा बन्देज भएन र मधेशका जनता जागरुक भएन भने 'मधेश मरुभूमि प्रदेश' बन्ने बेर लाग्ने छैन् । मधेशमा खडेरी र चापाकल सुक्नुजस्ता खवरले मुलुकलाई झकझकाएको छ । तर, नेताले राजनीतिकरण गरी मत र अर्थ सङ्कलन गर्न दुहुनो गाई अहिलेपनि सम्झँदै रहेको हुनुपर्छ ।

उहिले चुरेमा रुख र बालुवाको 'चोरी' हुन्थ्यो । दुई दसकदेखि चुरेमा दिन दहाडे डाका पर्न थालेको कारण चुरे उजाड भएको हो । लुट्नसम्म लुटिएको छ । संरक्षक पक्षको उदासिनताको कारणले वा अन्य कुनै कारण भएपनि अहिले मधेश सुख्खाग्रस्त अवस्थामा पुग्यो । यसको जिम्मेवारी राजनीतिक दलसँगै प्रशासनीक निकाय वन कार्यालयलगायत सम्बन्धित पक्षलाई लिनुपर्ने हो । सडक बन्यो, भौंतिक संरचनाको निर्माण भयो र क्रसर उद्योगको रुपमा स्थापित भयो ।तर, तराईमा खाद्यान र जल विस्थापित अवस्थातर्फ धकेलिए । मधेशका नेतालाई चुरेको वास्तविक स्वरुप हरण भएपनि सत्ताको सिंहासन हरण हुन नदिने, जसरीपनि सत्तामा रजाइ होस् भन्ने मानसिकता राखेका छन् । मधेशको नाममा राजनीति गर्ने तर, मधेशको जलाशयको स्रोत लुटिएको बारेमा योजनाबद्ध ढङ्गले आन्दोलित नहुने, बुझपचाई गरी झारो टार्ने तर्फ तल्लीन देखिएको छ । राष्ट्रपति नाममा सञ्चालित कार्यक्रमको उपलब्धि कस्तो रह्यो ? चुरेको संरक्षण गर्ने कि आफैं सम्बर्द्धन गर्ने गम्भीर प्रश्न सवै पक्षमा तर्सिएका छन् ।

### मधेश सुख्खाग्रस्त प्रदेश

मधेश प्रदेशको सरकारले प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषित गर्‍यो । दोश्रो साता नवित्दै सङ्घीय सरकारले पनि सुख्खाग्रस्त क्षेत्र घोषित गर्‍यो । सङ्घीय सरकारले गर्ने निर्णय प्रदेशले गर्‍यो । यसो हेर्दा, सङ्घीय सरकारले आफ्नो अधिकारभित्र प्रदेश सरकारले हस्तक्षेप गरेको सम्झेर हो कि विना तयारी सङ्घीय सरकारले सुख्खाग्रस्त क्षेत्र घोषित गरेर आफ्नो संवैधानिक अधिकारको रक्षा मात्रै गरेको देखिन्छ । प्रधानमन्त्री ओलीको डिपबोरिङ्ग गाड्ने बाहेक किसानलाई राहत दिने कुनै योजना अहिलेसम्म सार्वजनिक गरिएको देखिएन् । भारततिर सुख्खाग्रस्त क्षेत्र घोषित हुँदा ठूल्ठुला योजनाका साथै अविलम्ब राहतका व्यवस्था गर्छन् । हामी त यतिकैमा खुशी भइयौं । यसलाई यसरी सम्झौं, प्रधानमन्त्रीको हवाई सर्वेक्षण भयो, मधेश धन्य भयो ।

नेपाल सरकारले मधेश प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषित गर्दा के पुष्टि भयो भने सरकारले अन्न भण्डार गर्ने तराईमा सिँचाई व्यवस्थापन गर्न नसकेको हो । सिँचाईको पर्याप्त व्यवस्था भएको भए, सरकारलाई सुख्खाक्षेत्र घोषित गर्नुपर्ने थिएन् । कागजमा सिँचाईको व्यवस्था जे भएपनि वस्तुतः अहिलेपनि मधेशमा दुई तिहाई खेतीयोग्य जग्गामा सिँचाई उपलब्ध छैन् । आकासे बर्षामाथि नै कृषक आश्रित छन् । कृषिप्रधान मुलुक भनिएपनि सिँचाई सुविधा पुर्‍याउनमा सरकार निष्कृय छ ।

प्रधानमन्त्री केपि शर्माले सुख्खाग्रस्त क्षेत्र घोषित गर्नुका साथै अविलम्ब पाँच सय डिपबोरिङ्ग गाड्ने घोषणा गरेका थिए । सरकारले तत्काल चाल्ने कदम आफ्नो ठाउँमा उचित भएपनि मधेशका अधिकांस ठाउँमा पानीको स्तर धेरै तल गइसकेकाले डिपबोरिङको पहुँच हुन नसकेको देखिएको छ । मधेशमा सरकारीस्तरबाट र विभिन्न सङ्घसंस्थाका साथै कृषकवर्गले आफ्नै वलमा थुप्रै ठाउँमा डिप बोरिङ्ग गाडेका छन् । तर, जमीन मुनि पानीको सतह धेरै घटेकाले अधिकांस बोरिङ्ग पानी तान्न छोडिसकेको रहेछ । अन्ततः डिपबोरिङबाट तत्काल समस्या समाधान नहुने भयो । तर, जुन ठाउँमा पानीको सतह छ, ति ठाउँमा बोरिङले लाभ पुर्‍याउन सक्छन् । बर्षौंदेखि डिपबोरिङ्गबाट पानी तानेको कारण मात्रै जलस्तर घटेको भन्नु उचित हुँदैन् । चुरेक्षेत्रको माध्यमबाट तराईको भित्रि भागमा जलको पुर्नभरण हुने गर्छ । तर, बर्षौंदेखि चुरे वनको दोहन हुँदा तराईको भित्रि सतह सुक्न थालेको हो । सरकारले आफ्ना कमीकमजोरीको ढाकछोप गर्नका लागि जलवायु परिवर्तनलाई मुख्य कारक ठान्छन् । तर, मुख्य कारण भनेको चुरे क्षेत्रलाई व्यवस्थित पार्न सरकार चुकेको छ ।

### किसानको व्याकुलता

यसपल्ट, 'किसानको व्याकुलता, क्रन्दन देखेर मन रोएको हुनुपर्छ । किसानले बाली रोपाई गर्न नपाउँदा तडपिरहेका थिए । सरकारको निरीहताको कारण कृषि क्षेत्र मारमा परेको देखिन्छ । अहिलेपनि अधिकांस ठाउँमा सिँचाईका लागि नहर नहुनु, नहर भएपनि व्यवस्थित नहुनु, पानी वितरणमा समान भागिदारी नहुनु, डिपबोरिङ्गबाट पानी तान्नका लागि विद्युत आपूर्ति नियमित नहुनु र सवैभन्दा ठूलो विडम्बनाको रुपमा अधिकांस डिपबोरिङ्गबाट पानी तान्न सक्नु । बल्लतल्ल, साउन महिनाको मध्यमा कतै कतै मुशलधारे र अधिकांस ठाउँमा सामान्य बर्षापछि रोपाई तीव्र रुपमा शुरु भएको छ । धानवाली रोपाईको सवैभन्दा उपयुक्त मध्य असारसम्म मानिन्छ । रोपाई ढिलो हुँदा निश्चित रुपमा उत्पादन घटनेछ । मधेश प्रदेशमा खडेरीको खवरले आउँदो समयमा मुलुक खाद्यान सङ्कटमा फस्ने सम्भावना देखिन्छ । अर्कोतर्फ, धानवालीमा असोज महिनासम्म अर्थात धानका बाला पुष्ट नहुन्जेलसम्म खेतमा पानी हुनुपर्छ । नेपालमा प्रजातन्त्र पुनःस्थापनादेखि अहिलेसम्म आइपुग्दा व्यापक रुपमा चुरे र भावरको विनास भयो । उहिले ग्रामीण क्षेत्रमा पोखरीको सङ्ख्या अत्यधिक हुन्थ्यो । अचेल, माछापालन गर्न साना साना पोखरी बनाइन्छ । पोखरीमा पानीको भण्डारण हुँदा ५०० मिटर वरपरका घरका चापाकलमा पानीको अभाव हुदैन्थ्यो । नयाँ पोखरी निर्माण गर्ने कार्य लगभग ठप्प भएका छन् ।

### चुरे श्रृङ्खला

पश्चिममा पाकिस्तानको इन्डस नदी पूर्वमा भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको चुरे श्रृङ्खला शिवालिकको नामबाट चिनिन्छ । नेपालको इलामदेखि पश्चिम महेन्द्रनगरसम्म शिवालिक ३७ जिल्लासम्म फैलिएको छ । मुलुकको १२.७८ प्रतिशत भूभागले चुरे क्षेत्रले ओगटेको छ । हिमालय क्षेत्र तथा महाभारत क्षेत्रभन्दा तल दक्षिणी क्षेत्र र तराईको उत्तरतर्फ हेर्दा बीचको उठेको पर्वतीय क्षेत्रलाई चुरे वा शिवालिक क्षेत्र भन्ने गरिन्छ । चुरेसँग जोडिएको तथा चुरेको फेदीमा रहेको ढुङ्गा, गिट्टी र बालुवाले बनेको समथर भूभागलाई भावर भन्ने गरिन्छ । यस क्षेत्रसँग जोडिएको दक्षिणी क्षेत्रका समथर भूमि नै तराई हुन् । सामान्यतया पूर्ण रुपमा नखाँदिएको खुकुलो पत्र चट्टान भएको र महाभारत श्रृख्ला भएर बग्ने नदीहरु चुरेक्षेत्र भई तराईमा पुग्ने गर्छ । चट्टान कमजोर भएकाले नदीका पानीले बालुवा र गिट्टीसमेत बगाएर लग्ने गर्छ । त्यसकारण, यस प्राकृतिक रुपमा यस क्षेत्रलाई बढी संवेदनशील मानिन्छ । चुरे क्षेत्रलाई चुरे पर्वत, भित्रि मधेश साँगुरा खाँचा, भावर र तराई गरी पाँच भागमा विभक्त गरिएको छ ।

### चुरेको महत्व

चुरेसँग जोडिएको भावर क्षेत्रमा जलको पुनर्भरण भएपछि जमीनको सतहका साथै मुनीबाट पानीको स्रोत भूमिको भित्री भागमा पुग्ने गर्दछ । ति पानीबाट सिँचाइ र खानेपानीको रुपमा उपयोग गरिन्छ । अहिले मधेशमा अप्रत्यासितमा जमीन मूनी पानीको सतह सुक्न गएको छ । सो कारणले तराईका अधिकांस जिल्लामा चापाकलमा पानी आउन छोडेको हो । तराईका अधिकांस वासिन्दा सोही पानीमा आश्रित छन् । तराईका अधिकांस ७० प्रतिशत खेतियोग्य जमीनमा कुनै न कुनै रुपमा सोही पानीबाट सिँचाई हुने गरिन्छ । यसका साथै, चुरेको बालुवा, साना गिट्टी र बालुवा मिश्रित माटोले सडक निर्माण कार्यमा बढी उपयोग हुने गरिन्छ ।

### चुरेको समस्या

चुरेक्षेत्रमाथि नै तराईको जनजीवन निर्भर गर्छ भन्नु अतिशयोक्ति नहोला । चुरेको विनास भयो भने तराई मरुभूमि बन्छ । खाद्यान क्षेत्रमा महत्वपूर्ण दायित्व निर्वाह गर्नुका साथै सिँचाईका साथै पिउने पानीकै मुख्य स्रोत नै चुरे हुन् । चुरे क्षेत्रको अत्यधिक दोहन निरन्तर जारी छ । अव्यवस्थित बसोवास, जङ्गल विनास, नदी र खोलाको अव्यवस्थित दोहन, वन डढेलो, दिगो विकास सिद्धान्तविपरीत भौंतिक पूर्वाधार अन्तर्गत जथाभावी सडक र कुलोको निर्माणलगायतका कारण चुरे क्षेत्रको भौंगोलिक, सामाजिक-आर्थिक क्षेत्रमा नयाँ चुनौंति खडा गरेको छ ।

महाभारतबाट शुरु भई चुरे हुँदै बगेर आएका बालुवा मिश्रित पानी कारण नदी पुरिँदै खेतको स्तरमा पुगेको छ । नदी र खोलाको उचाई बढेपछि सामान्य बर्षामा पनि बाढीको पानी नजिकका खेतमा पस्ने गर्छन् । बगाएर ल्याएका बालुवा खेतमा थेग्रिने गर्छन् । त्यसकारण, उत्पादनमा ह्रास भइरहेका छन् । नदीले बर्षेनी हजारौं हेक्टर खेतीयोग्य जग्गा कटान गर्दै गइरहेका छन् । सरकारले रोकथामका लागि खासै गम्भीर भएको देखिएको छैन् । बजेटको बाँडफाँडका साथै बढी भौंतिक संरचनामै बढी केन्द्रीत भएको देखिन्छ ।

भारततर्फ ठूलो परिमाणमा गिट्टी, ढुङ्गा र बालुवाको निकासी गरेको देखेपछि चारैतिरबाट कडा विरोधपछि अन्ततः सरकारले २०७१ साउनदेखि देशबाहिर निकासी बन्द गर्‍यो । तर, मुलुकभर सडक निर्माणलगायत विभिन्न निर्माण कार्यमा चुरेको माटो झिक्ने क्रम अहिलेपनि जारी छ । नदीबाट जथाभावी बालुवा झिक्ने गर्छन् । वातावरणमा नकारात्मक प्रभाव पर्नुका साथै नदीमा खाल्डो हुनु, त्यसपछि जमेको पानीको कारण नदीले धार परिवर्तन गर्ने गर्छन् । चुरेदेखि दक्षिणको सीमावर्ती क्षेत्रसम्म नदी र खोलाबाट व्यवस्थित ढङ्गले बालुवा झिकेर वास्तविक नदीको गहराईसम्म पुर्‍याउनु पर्छ । त्यसपछि, खेतपनि सुरक्षित हुने र नदी गहरिएपछि भूमिको जल पुर्नभरण हुने देखिन्छ । यस विषयमा प्राविधिक विशेषज्ञबाट सल्लाह गरी सरकारलाई ठोस कदम उठाउनुपर्छ ।

### राष्ट्रपति चुरे विकास समिति

डा. रामवरण यादव राष्ट्रपति पदमा आसिन रहेकै बेला उनले चुरेको संरक्षण गर्नुपर्ने विषय उठान गरेका थिए । उनले समयमैं चुरेको संरक्षण र सम्बर्द्धन गरिएन भने आउँदो दिनमा मधेश मरुभूमिमा परिणत हुने भनेर सरकारलाई ध्यानाकर्षण गराएका थिए । त्यसपछि, नेपाल सरकारले २०६६/०६७ देखि चुरे संरक्षणलाई अभियानको रुपमा सञ्चालन गर्न 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम' प्रारम्भ गर्‍यो । यस कार्यका लागि विभिन्न क्षेत्रसँग समन्वय गर्नुपर्ने भएकाले सरकारले २०७१ साल असार २ गते "राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गर्ने आदेश जारी गर्‍यो । "चुरेको माटो चुरेलाई, सफा पानी सवैलाई" मूल नाराका साथ चुरे वनको संरक्षित गरी प्राकृतिक सन्तुलनमा खलल नपर्ने गरी मधेशको आर्थिक सम्बृद्धि पुर्‍याउनमा योगदान गर्नु नै यो समितिको मुख्य उद्देश्य रहेको छ । यसका लागि चुरेका साथै मधेशका भूमि, जल, वनस्पति र जैविक विविधताको दिगो व्यवस्थापन सुनिश्चित गर्ने दायित्वपनि छ । सो उद्देश्य परिपूर्तिका लागि प्राकृतिक स्रोतको संरक्षण र दीगो व्यवस्थापन हुनुपर्छ । यो लक्ष्यसहित चुरे संरक्षणका कार्य शुरु भयो । तर, पन्द्रह बर्षको अवधिमा सरकारको करौंडो रुपैयाँ खर्च गरेको छ । सो संरक्षण समितिमार्फत चुरे क्षेत्रको माटोको बहावलाई रोक्नका लागि गरिएका बाँसको खेतिलगायत विभिन्न जात विरुवाहरु रोपिएको बताइन्छ । जुन किसिमको प्रतिफल पाउनुपने हो,त्यो देखिएन् ।

### चुरे क्षेत्रमा अव्यवस्थित बसोवास

भनिन्छ, औंलो उन्मुलनपश्चात चुरैमा मानव बस्ती बन्न थाल्यो । महेन्द्र राजमार्गको निर्माणपछि शुरु भएको बस्ती विस्तार अहिलेसम्म जारी नै छ । बस्ती बसेपछि खेतीपातिको लागि जङ्गल फडानी क्रम निरन्तर रुपमा भयो । वन फडानी र वन पैदावारको अत्यधिक उपयोग, अवैज्ञानिक ढङ्गले जङ्गलको उपभोग गर्दा जैविक विविधतामाथि गम्भीर रुपले नकारात्मक असर पर्‍यो । चुरेबाट बालुवा बग्ने क्रम घटेन अन्ततः विस्तारै विस्तारै तराईमा बाली उत्पादनमा ह्रास हुँदै गयो । त्यसको असर विगत एक दसकदेखि देखिँदै आएको छ । यसपल्ट, त झन अवस्था विकराल बनेको छ । यस किसिमका विकट परिस्थिति उत्पन्न हुनुमा चुरे पहाड र भावर क्षेत्रको जलाधारको स्रोत घटेपछि दिनप्रतिदिन अवस्था विकराल बन्दै गएको छ । जङ्गल मासिएको र जथाभावी रुपमा गिट्टी, बालुवा र ढुङ्गाको झिक्दा वातावरणीय सन्तुलन विग्रियो, त्यसको चौंतर्फी नकारात्मक असर परेको छ ।

### प्रकृतिको दोहनको ज्वलन्त उदाहरण

प्रकृतिको दोहनको प्रकोप भारतको हिमाचल प्रदेश र उत्तराखण्डमा विगत दस बर्षदेखि निरन्तर रुपमा देखापरेको छ । जथाभावी विकासको नाममा सडक निर्माणलगायतका कार्यले प्राकृतिक विपद् निम्त्ने गर्दछ । चुरेमा पनि सोही किसिमका समस्या छन् । गत, मङ्गलवार उत्तराखण्डको उत्तरकाशीस्थित धारालीमा १० हजार फिट उचाईबाट ढुङ्गा, माटोसहित तीव्रगतिमा आएको बाढीले धारालीको बस्तीलाई मात्र ३० सकेण्डमैं विलिन गर्‍यो । पाँच जनाको मृत्यु र एकसय बढी वेपत्ता छन् । त्यसअवस्थाको दृश्य ह्रिदयविदारक छ । एक महिनाअघि रसुवामा तिव्वतबाट आएको लोहन्दे खोलामा आएको बाढीले एक दर्जनभन्दा बढी मानिसको मृत्यु भयो र तातोपानी भंसारमा राखिएका एकसयको हाराहारीमा राखिएका गाडीहरु बग्यो वा पुरिएको थियो । यस किसिमका घटनाबाट पाठ सिक्नु पर्दछ ।रासस

# जनै, रक्षासूत्र र वास्तुशास्त्रको सम्बन्ध



भरतमणि ज्ञवाली

जनैपूर्णिमा हिन्दु धर्मावलम्बीको पर्व हो, जसलाई ऋषितर्पणी पनि भनिन्छ र यस दिन जनै फेरिन्छ र रक्षासूत्र बाँधिन्छ।

यो पर्व आत्मशुद्धि र धार्मिक कर्मसँगै वास्तुशास्त्र र ऊर्जा संरक्षणसँग सम्बन्धित छ, जसले शरीर र चेतनाको ऊर्जा सन्तुलनमा ध्यान दिन्छ।

जनैपूर्णिमामा पितृलाई तर्पण दिने र क्वाँटी खाने चलन छ, जसले वास्तुशास्त्रका पाँच तत्त्वको सन्तुलनलाई महत्व दिन्छ।

आज हामी हिन्दु धर्मावलम्बीको पवित्र पर्व जनैपूर्णिमा । यस दिनलाई ऋषितर्पणी पनि भनिन्छ । यो प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन श्रद्धा र भक्तिपूर्वक मनाइन्छ । यो दिन पुरोहितबाट मन्त्रिएको नयाँ जनै फेर्ने, पितृलाई तर्पण दिने र नाडीमा रक्षासूत्र (रक्षाबन्धन) बाँध्ने धार्मिक परम्परा रही आएको छ ।

आजको दिनले केवल आत्मशुद्धि र धार्मिक कर्म मात्र नभई वास्तुशास्त्र र ऊर्जा संरक्षणसँग पनि गहिरो सम्बन्ध राख्छ । जनैको स्थानमा (बायाँ काँधबाट दाहिने कम्मरसम्म) शरीरका सुषुम्ना, इडा र पिङ्गला नाडीहरूमा ऊर्जाको सन्तुलन कायम राख्ने विन्दुहरू पर्छन् । यसरी जनै केवल धार्मिक चिह्न मात्र नभई शरीर र चेतनाको ऊर्जा सन्तुलनकर्ता पनि हो । जसरी घरको मूलद्वारको तोरणले नकारात्मक शक्ति रोक्छ, त्यस्तै रक्षासूत्रले शरीरको जीवन-ऊर्जा (प्राणशक्ति)लाई सुरक्षित राख्छ ।

वास्तुशास्त्रमा पूर्व, उत्तर-पूर्व वा उत्तर दिशाबाट शुभ-ऊर्जा प्रवेश गर्छ र दक्षिण, दक्षिण-पश्चिमबाट नकारात्मक ऊर्जा रोक्नुपर्छ भन्ने मान्यता छ । रक्षासूत्र बाँध्ने प्रक्रिया पनि यही सिद्धान्तसँग मेल खान्छ– दाहिने हात (ऊर्जाको कर्ममार्ग)मा बाँधिएको सूत्रले शुभ-ऊर्जा सक्रिय र अशुभ-ऊर्जा निष्क्रिय गर्छ ।

जनैपूर्णिमामा पितृलाई तर्पण दिने प्रचलन छ । वास्तुशास्त्रमा पनि घरको पितृस्थान (दक्षिण-पश्चिम भाग)लाई शान्त र पवित्र राख्न विशेष महत्त्व दिइन्छ । पितृतर्पण गर्दा जल, तिल र कुशको प्रयोग गरिन्छ । जसलाई वास्तुमा पृथ्वी, जल र आकाश तत्त्वको समन्वय मानिन्छ । यसले पितृ आत्मालाई शान्ति र घरमा स्थिरता ल्याउँछ ।

सनातन धर्ममा जनै (यज्ञोपवीत) केवल एक साधारण धागो नभई यसलाई आत्मिक शुद्धता, कर्तव्य परायणता र वैदिक परम्पराको जीवन्त प्रतीकका रूपमा लिइन्छ । बायाँ काँधबाट दायाँ कम्मरसम्म पहिरिने यो पवित्र धागोले धारण गर्ने व्यक्तिको जीवनमा नैतिक, आध्यात्मिक र भौतिक अनुशासनको महत्त्वलाई दर्साउँछ ।

जहाँ जनैले व्यक्तिको आन्तरिक र व्यक्तिगत सामञ्जस्यतालाई प्रतिनिधित्व गर्दछ, त्यहीँ वास्तुशास्त्रले बाह्य वातावरण, विशेष गरी निवास स्थानको ऊर्जा र सन्तुलनमाथि विवेचना गर्दछ । यी दुई विधा सतहमा फरक देखिए पनि गहिरो अध्ययन गर्दा यिनीहरूबिच व्यक्तिगत र वातावरणीय सामञ्जस्य स्थापित गर्ने समान शास्त्रीय उद्देश्य रहेको पाइन्छ ।

सनातन धर्ममा जनै (यज्ञोपवीत) केवल एक साधारण धागो नभई यसलाई आत्मिक शुद्धता, कर्तव्य परायणता र वैदिक परम्पराको जीवन्त प्रतीकका रूपमा लिइन्छ । बायाँ काँधबाट दायाँ कम्मरसम्म पहिरिने यो पवित्र धागोले धारण गर्ने व्यक्तिको जीवनमा नैतिक, आध्यात्मिक र भौतिक अनुशासनको महत्त्वलाई दर्साउँछ ।

जनैमा रहेका तीन सूत्रहरू देवऋण, पितृऋण र ऋषिऋणका साथै सत्त्व, रज र तम गुणका प्रतीक मानिन्छन् । वास्तुशास्त्रमा पनि स्थान वा संरचनाको ऊर्जालाई यिनै सत्त्व, रज र तम गुणका आधारमा विश्लेषण गरिन्छ । जनैले यी तीन गुणलाई सन्तुलित गरी व्यक्तिलाई पूर्णता दिने प्रयास गरेझैं वास्तुशास्त्रले पनि भवनका विभिन्न खण्डमा सत्त्व, रज, तमको उचित सन्तुलन कायम गरी त्यहाँ बस्ने मानिसको जीवनमा सन्तुलन र समृद्धिको मार्ग प्रशस्त गर्छ ।

मानव शरीरलाई एक सूक्ष्म ब्रह्माण्ड मानिएझैं वास्तुशास्त्रमा घर वा भवनलाई एक जीवन्त शरीर (वास्तुपुरुष मण्डल) का रूपमा लिइन्छ । वास्तुपुरुष मण्डलमा ८१ वा ६४ वटा पद हुन्छन्, जसमध्ये मुख्य नौवटा पद (केन्द्रीय ब्रह्मस्थान र आठ दिशा)ले घरको ऊर्जा प्रवाहलाई निर्देशित गर्छन् ।

जनैमा रहेका पाँच गाँठाहरू ब्रह्म, धर्म, अर्थ, काम र मोक्षका प्रतीक हुन् । साथै यिनलाई पञ्चयज्ञ, पाँच ज्ञानेन्द्रिय र पञ्चकर्मको प्रतीक पनि मानिन्छ । वास्तुशास्त्रको सम्पूर्ण जग पञ्चमहाभूत (आकाश, वायु, अग्नि, जल, पृथ्वी)मा आधारित छ । यी पाँच तत्त्वको सन्तुलनले नै घरमा सकारात्मक ऊर्जा र शान्ति प्रदान गर्छ ।जनैमा रहेका तीन सूत्रहरू देवऋण, पितृऋण र ऋषिऋणका साथै सत्त्व, रज र तम गुणका प्रतीक मानिन्छन् । वास्तुशास्त्रमा पनि स्थान वा संरचनाको ऊर्जालाई यिनै सत्त्व, रज र तम गुणका आधारमा विश्लेषण गरिन्छ । नेवारी समुदायमा यो दिन क्वाँटी खाने र भ्यागुताको पूजा गर्ने प्रचलन छ । क्वाँटीमा नौथरी अन्न हुन्छन्, जसले पृथ्वी र अग्नि तत्त्वलाई सुदृढ गर्छ । भ्यागुताको पूजा भने जल तत्त्वको सम्मान हो । वास्तुशास्त्रमा पाँच तत्त्वको सन्तुलनमा घरको ऊर्जा बस्छ भन्ने मान्यता छ र यी परम्परा यही सन्तुलन कायम राख्ने जीवन-पद्धति हुन् । यी सबै परम्पराको मूलमा ऊर्जा, संरक्षण र समृद्धिको सन्देश लुकेको छ ।

वास्तुशास्त्रले जसरी घर र वरिपरिको वातावरणलाई सन्तुलित राख्न मार्गदर्शन गर्छ, यस्ता धार्मिक पर्वहरूले पनि हाम्रो शरीर, मन र आत्मालाई सन्तुलित राख्ने कार्य गर्छन् । यसरी जनैपूर्णिमा केवल एउटा धार्मिक दिन मात्र होइन यो वास्तु-उपचारको दिवस पनि हो; जहाँ मन्दिर, घर र शरीर तीनैको ऊर्जा शुद्ध, सुरक्षित र समृद्ध बनाइन्छ । अस्तु ।(लेखक वास्तु विज्ञानका सञ्चालक एवं दक्षिण एसियाली ज्योतिष महासंघका महासचिव हुन् ।)रातोपाटी



# अठारौँ पुस्तकालय दिवस मनाउन मूल समारोह समिति गठन




काठमाण्डु । अठारौँ पुस्तकालय दिवस मनाउनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव चूडामणि पौडेलको अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको छ।

नेपाल सरकारले हरेक वर्ष भदौ १५ गते पुस्तकालय दिवस मनाउँदै आएको छ । यस वर्ष ' हाम्रो पुस्तकालयः हाम्रो भविष्य' भन्ने आदर्श वाक्यका साथ दिवस मनाइँदैछ । "यस वर्षको पुस्तकालय दिवस मुलुकभर रचनात्मक र सन्देशमूलक विविध कार्यक्रमसहित मनाउने तयारी भइरहेको छ", प्रचारप्रसार उपसमितिकासंयोजकराजेन्द्रप्रसाद पाण्डेयले भन्नुभयो ।

मूल समारोह समितिको उपाध्यक्षमा मन्त्रालयका विद्यालय शिक्षा महाशाखा प्रमुख सहसचिव रुद्रप्रसाद अधिकारी र पुस्तकालय समन्वय, अभिलेख शाखा उपसचिव प्रेमराज अधिकारी सदस्य सचिव रहनुभएको छ । समितिमा नेपालको राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय, नेपाल सामुदायिक पुस्तकालय सङ्घ, नेपाल पुस्तकालय सङ्घलाई समावेश गरिएको छ।

त्यसैगरी कोशी प्रदेश पुस्तकालय महासङ्घ, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, त्रिभुवन विश्वविद्यालय पुस्तकालय विज्ञान विभाग केन्द्रीय विभाग, नेपाल खुला विश्वविद्यालयलगायत २० भन्दाबढी महत्वपूर्ण संस्थाका प्रतिनिधि रहनुभएको छ। पुस्तकालय दिवसलाई सफल तुल्याउन पुस्तकालय क्षेत्रको विकास तथा विस्तारमा संलग्न सबै सरोकारवालाको मूल समारोह समितिमा सहभागिता रहनेछ।

पुस्तकालय दिवसका अवसरमा सम्मान तथा पुरस्कार छनोटका लागि सहसचिव अधिकारी संयोजक रहनुभएको पाँच सदस्यीय उपसमिति तथा नेपाल सामुदायिक पुस्तकालय सङ्घका महासचिव राजेन्द्रप्रसाद पाण्डेय संयोजक रहनुभएको प्रचारप्रसार उपसमिति गठन गरिएको छ।

समितिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत ७५३ स्थानीय तह, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल, नेपाल नगरपालिका सङ्घ, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत ७७ शिक्षा विकास तथा समन्वय एकाइ, विश्वविद्यालय अनुदान आयोगमार्फत सबै विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्था एवं पुस्तकालयको विकास र विस्तारमा संलग्न सबै गैरसरकारी सङ्घसंस्थामा विविध कार्यक्रम गरी दिवस मनाउन अनुरोध गर्ने निर्णय गरेको छ।

यसैक्रममा सम्बन्धित सबैलाई पुस्तकालय दिवसका अवसरमा विविध कार्यक्रम सञ्चालन गरी तिनको प्रतिवेदन सचिवालयमा पठाउन परिपत्र गरी जानकारी गराउन अनुरोध गरिएको छ । नेपालभरि पुस्तकालय विकास, पाठक, पुस्तक, पुस्तकालय तथा सूचना विज्ञान क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका योग्य पुस्तकालय, पुस्तकालय अभियानकर्मी र पुस्तकालयकर्मीको विवरण सङ्कलन सुरु गरिएको छ।

यसअन्तर्गत देशभरका उत्कृष्ट पुस्तकालय र तिनका अभियानकर्मीलाई पुरस्कारका लागि छनोट प्रक्रियामा समावेश गरी कार्य मूल्याङ्कनका आधारमा पुरस्कृत तथा सम्मानित गर्ने कार्यक्रमसमेत रहेको छ। यस कार्यक्रममार्फत पुस्तकालय सेवा प्रवर्द्धनमा सक्रिय रहेका व्यक्ति र संस्थालाई सम्मान गरी नेपालमा पुस्तकालय क्षेत्रको विकासलाई अझ सशक्त बनाउने उद्देश्य राखिएको छ।रासस

# राष्ट्रपतिबाट रक्षाबन्धन ग्रहण

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले रक्षाबन्धन तथा जनैपूर्णिमाको अवसरमा आज वैदिक विधिअनुसार नवयज्ञोपवित (जनै) एवं रक्षाबन्धन ग्रहण गर्नुभएको छ।

राष्ट्रपति पौडेलसहित प्रथम महिला सविता पौडेलले पण्डित अर्जुन न्यौपानेबाट शनिबार निर्धारित साइतअनुसार वैदिक रक्षाबन्धन ग्रहण गर्नुभएको राष्ट्रपतिको सचिवालयले जनाएको छ। राष्ट्रपति भवन शीतल निवासमा राष्ट्रपति पौडेलसँगै आफन्तजनले रक्षाबन्धन ग्रहण



गर्नुभएको छ।

यसअघि शनिबारै राष्ट्रपति पौडेलले जनैपूर्णिमा, ऋषितर्पणी एवं रक्षाबन्धनको अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीमा सुख, शान्ति, सुस्वास्थ्य र प्रगतिको शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले शनिबार एक शुभकामना सन्देश दिँदै नवयज्ञोपवित एवं रक्षाबन्धन धारण गरेर मनाउने यस पर्वले नेपालीबीच आपसी सम्बन्ध र सद्भाव प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभएको छ।

जनैपूर्णिमा एवं ऋषितर्पणी पर्वको आफ्नै विशिष्ट महत्व रहेको बताउँदै उहाँले विभिन्न जातजाति, भाषाभाषी, संस्कृति, चाडपर्व र परम्परा रहेको हाम्रो देशमा मनाइने यसप्रकारका चाडपर्वले आपसमा मित्रता, प्रेम र सद्भाव अभिवृद्धि गर्दै राष्ट्रिय एकताको भावनालाई सुदृढ बनाउन योगदान दिने छ। रासस

# खेलकुदका माध्यमबाट पर्यटक भित्र्याउनुपर्छः मन्त्री चौधरी



झापा । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलकुदका माध्यबाट पर्यटक भित्र्याउने योजनामा सरकारले काम गरिरहेको बताउनुभएको छ।

काँकडभिट्टा खेलमैदानको शनिबार निरीक्षण गर्दै उहाँले पूर्वीनाकामा रहेको खेलमैदानमार्फत काँकडभिट्टाले नेपालमा पर्यटक भित्र्याउन सक्ने भनाइ राख्नुभयो। मन्त्री चौधरीले सङ्घीय सरकारले काँकडभिट्टा खेलमैदानको स्तरोन्नतिका लागि चालू आर्थिक वर्ष २०८२/८३ मा रु तीन करोड बजेट विनियोजन गरेको जानकारी दिनुभयो।

"क्रिकेट, फुटबल र भलिबल खेलेर नेपाली खेलाडीले लाखौँलाख आर्जन गरेका थुप्रै उदाहरण छन्", उहाँले स्थानीय जनप्रतिनिधि, खेलाडी र खेलप्रेमीहरुलाई सम्बोधन गर्दै भन्नुभयो, "दुई ठूला देशको बीचमा छौँ हामी।

एसियाली राजमार्ग निर्माणपछि काँकडभिट्टा खेलमैदानको महत्व अन्तरराष्ट्रिय रुपमा बढेर जानेछ ।" उहाँले खेलकुद क्षेत्र मनोरञ्जन, स्वास्थ्य र पर्यटनको माध्यम भएको जनाउँदै देशको पहिचान बढाउन काँकडभिट्टाले उत्पादन गरेका खेलाडीको अतुलनीय योगदान रहेको चर्चा गर्नुभयो।

सरकारले खेलकुद क्षेत्रका लागि अहिले रु छ अर्ब बजेट छुट्ट्याएको उल्लेख गर्दै मन्त्री चौधरीले खेलमैदान स्थानीय तह र प्रदेशलाई हस्तान्तरण गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । काँकडभिट्टा खेलमैदानले चर्चेको जग्गा ग्रामीण आवास कम्पनीको भएको विषयमा उहाँले छिटोभन्दा छिटो खेलमैदानको जग्गा स्थानीय तहको स्वामित्वमा ल्याउनुपर्ने बताउनुभयो । उहाँले खेलमैदानको जग्गाको स्वामित्व पालिकाको नाममा ल्याउन र त्यसको पूर्वाधार विकासमा सघाउन सरकार तयार रहेको बताउनुभयो।

त्यस अवसरमा मेचीनगरका नगरप्रमुख गोपाल बुढाथोकी, उपप्रमुख मीना उप्रेती, पूर्वनगरप्रमुख विमल आचार्यलगायतले काँकडभिट्टाको खेलकुद गतिविधि र मैदानका समस्या बारेमामन्त्रीचौधरीकोध्यानाकर्षण गराउनुभएकोथियो।मन्त्रीचौधरीले आज मेचीनगरको चारआलीमा आयोजना हुने इन्डो-नेपाल इन्टरस्कुल कराते प्रतियोगिताको उद्घाटन गर्नुहुने कार्यक्रम रहेको छ।रासस

# रक्षाबन्धनले आत्मीयताको सम्बन्धलाई प्रगाढ बनाउँछः पूर्वराष्ट्रपति भण्डारी

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले रक्षाबन्धनले पर्वले पारिवारिक आत्मीयताको सम्बन्धलाई प्रगाढ बनाउने बताउनुभएको छ। उहाँले शनिबार सामाजिक सञ्जालमार्फत जनैपूर्णिमा, रक्षाबन्धन तथा क्वाँटी खाने दिनको सम्पूर्णमा शुभकामना व्यक्त गर्दै रक्षाबन्धनले पारिवारिक स्नेह, प्रेम र आत्मीयताको सम्बन्धलाई प्रगाढ बनाउने बताउनुभएको हो।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जनैपूर्णिमा, रक्षाबन्धन तथा क्वाँटी खाने पर्व हाम्रो सभ्यता, संस्कृति र आस्थाको प्रतीकका रूपमा मनाइने गरेको उल्लेख गर्नुभयो। "आत्मिक शुद्धी, संयम, दान र आत्मबलको प्रतीक जनैपूर्णिमा पर्वले सबैमा धर्म, संस्कार र कर्तव्यबोधको भावना जागृत गराउनुका साथै रक्षाबन्धनले पारिवारिक स्नेह, प्रेम र आत्मीयताको सम्बन्धलाई प्रगाढ बनाउँछ", उहाँले शुभकामनामा भन्नुभएको छ, "यसै दिन नौ प्रकारका अन्नबाट तयार गरिने परम्परागत परिकार क्वाँटी खाने चलनले हाम्रो मौलिक ज्ञान, खानपान संस्कृतिको संरक्षणसँगै जैविक विविधता र स्वास्थ्यप्रतिको सचेतनालाई समेत उजागर गर्दछ।"

जनैपूर्णिमा, रक्षाबन्धन तथा क्वाँटी खाने पर्वले सामाजिक एकता, आपसी सद्भाव र राष्ट्रिय पहिचानको सुदृढीकरणमा योगदान पुऱ्याउने उहाँको विश्वास छ । रासस

# वैकल्पिक विकास वित्त विधेयकमाथि ६६ संशोधन प्रस्ताव



काठमाण्डु। प्रतिनिधिसभामा दर्ता भएको 'वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' माथि १४ सांसदबाट ६६ संशोधन प्रस्ताव परेका छन् । विधेयकमाथि १० जनाबाट एकल र चार जनाले संयुक्त रुपमा संशोधन प्रस्ताव हालेका हुन् ।

परम्परागत लगानीका स्रोतका अतिरिक्त वैकल्पिक स्रोतको पहिचान र उपयोग गर्ने उद्देश्यका साथ ल्याइएको सो विधेयक चाँडो पारित भई कार्यान्वयनमा ल्याइनुपर्नेमा सत्तापक्ष र प्रतिपक्ष दुवै सहमत भए पनि वैकल्पिक विकास वित्त कोषको प्रभावकारिता तथा सञ्चालक समितिसम्बन्धी व्यवस्थामा धेरैजसो सांसदको चासो देखिएको छ।

अर्थसमितिमा छलफलका क्रममा रहेको यो विधेयक माथि शुक्रबार संशोधनकर्ता सांसद, नेपाल राष्ट्र बैंकका गभर्नर र विज्ञबाट सुझाव लिइएको थियो । उक्त छलफलका क्रममा कोषको प्रभावकारिता र सञ्चालक समितिको स्वायत्तताको विषय महत्वका साथ उठाइयो।

पूर्वाधार क्षेत्रमै लगानी गर्ने उद्देश्य राखेर सरकारको लगानीसहित स्थापना भएका नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)बाट लक्षित नतिजा दिन नसकिरहेकाबेला सोही प्रकृतिको 'वैकल्पिक विकास वित्त कोष' ल्याउन आवश्यक छ वा छैन भनेर सोच्नुपर्ने धारण पूर्वअर्थमन्त्री वर्षमान पुनको छ।

"यो कोष निफ्रा र एचआइडिसिएलभन्दा कसरी फरक छ ? केही व्यक्तिलाई जागिर दिनका लागि मात्रै कम्पनी खडा गर्न लागिएको त होइन ? वा कतै सरकारले विभिन्न कोषहरु गाभेर एउटै कोष बनाएर चलाउन खोजेको त होइन ? यी प्रश्नको जवाफ चाहिन्छ", पुनको भनाइ थियो। त्यस्तै सञ्चालक समितिमा कोको रहने, कार्यकारी अधिकार कसलाई दिनेजस्ता विषयलाई पनि स्पष्ट पारिनुपर्ने उहाँको भनाइ थियो । यद्यपि वैकल्पिक विकास वित्त परिचालनका लागि कानुन बन्न अतिआवश्यक भइसकेको धारणा उहाँले राख्नुभयो।

सांसद वासुदेव घिमिरेले वैकल्पिक विकास वित्त कोषलाई बलियो र प्रभावकारी बनाउन अर्थमन्त्रीलाई नै त्यसको सञ्चालक समितिको अध्यक्ष बनाइनुपर्ने र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतलाई पनि सञ्चालक समितिमा सदस्यका रुपमा ल्याइनुपर्ने बताउनुभयो।

अर्का सांसद माधव सापकोटाले सञ्चालक समितिको अध्यक्षलाई नीतिगत निर्णय गर्नेमात्रै अधिकार दिएर प्रमुख कार्यकारी अधिकृतलाई कार्यकारी अधिकार दिन सक्नुपर्ने र राजनीतिक हस्तक्षेपबाटमुक्त हुनुपर्ने धारणा अर्थ समितिमा राख्नुभयो।

कोषको सञ्चालक समितिको अध्यक्ष अर्थ मन्त्रालयको सचिव रहने व्यवस्था विधेयकमा राखिएको छ । विधेयकको उक्त व्यवस्थामाथि सांसद हितराज पाण्डेले संशोधन हाल्दै राष्ट्रिय योजना आयोगको उपाध्यक्षलाई कोषको अध्यक्ष बनाइनुपर्ने प्रस्ताव गर्नुभएको छ।

त्यस्तै सांसद प्रकाश ज्वालाले अर्थमन्त्री अध्यक्ष रहनुपर्ने मतसहित संशोधन हाल्नुभएको छ । कोषको सञ्चालकमा अर्थ सचिव नेपाल राष्ट्र बैंकको गभर्नर र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतलाई सञ्चालकको जिम्मेवारी दिइनुपर्ने ज्वालाको प्रस्ताव छ । सांसद प्रेम सुवालले सञ्चालक समितिसम्बन्धी व्यवस्था नै हटाइ 'मन्त्रीको अध्यक्षतामा राज्यको स्वामित्वलाई जोड दिने वित्तशास्त्री र अर्थशास्त्रीको व्यवस्थापन समिति गठन गरिनुपर्ने' संशोधन राख्नुभएको छ।

त्यस्तै समावेशी ढङ्गले सञ्चालक चयन गरिनुपर्ने प्रस्तावसहितका संशोधनसमेत परेका छन् । सांसद निशा डाँगीले महिला, दलित वा आदिवासी जनजाति समूहबाट एक जना प्रतिनिधि रहनेगरी सञ्चालक समिति बनाइनुपर्ने प्रस्ताव राख्नुभएको छ। त्यस्तै सांसद माधव सापकोटाले स्वतन्त्र विशेषज्ञ सञ्चालकको संख्या एक जनाबाट बढाएर कम्तीमा तीन बनाउने र यसमा कम्तीमा एक महिला र प्रभावित क्षेत्रबाट एक दलित वा जनजाति समुदायबाट प्रतिनिधित्वको सुनिश्चितताको व्यवस्था गर्नुपर्ने भन्दै संशोधन हाल्नुभएको छ।

सांसद सोविता गौतम र शिशिर खनालको संयुक्त संशोधन प्रस्तावमा प्रमुख कार्यकारी निर्देशकलाई अध्यक्षको जिम्मेवारी दिइनुपर्ने व्यवस्था विधेयकमा राख्नुपर्ने उल्लेख छ।

त्यस्तै, कार्यकारी निर्देशक हुनका लागि अर्थशास्त्र, व्यवस्थापन, वित्त, इन्जिनियरिङ वा सम्बन्धित विषयमा स्नातकोत्तर, कम्तीमा १५ वर्षको प्राविधिक वा व्यवस्थापकीय अनुभव, वैकल्पिक वित्त तथा सार्वजनिक-निजी साझेदारी र लगानी परियोजना विश्लेषणको अनुभव हुनुपर्ने संशोधन प्रस्ताव उहाँहरुको छ।

विधेयकमा कोषको व्यवस्थापन तथा सञ्चालन गर्न अर्थ मन्त्रालयको सचिव अध्यक्ष रहनेगरी सञ्चालन समितिको व्यवस्था गरिएको छ । अर्थ मन्त्रालयको सहसचिव, पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालयका इन्जिनियरिङ सेवाका सहसचिवमध्येबाट मन्त्रालयले तोकेका दुई सहसचिव, शेयरधनीका तर्फबाट एक जना प्रतिनिधि र स्वतन्त्र विशेषज्ञबाट एक गरी सञ्चालक तोकिनुपर्ने उल्लेख छ।

वैकल्पिक विकास वित्त कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्थाका रुपमा रहने व्यवस्था विधेयकमा राखिएको छ । अर्थ समितिको शुक्रबारको बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले सञ्चालक समिति बलियो बनाउन सकेमात्र कोषको प्रभावकारिता बढी हुने धारणा राख्नुभयो।

"अर्थमन्त्री वा अर्थसचिवले नै नेतृत्व गर्नेगरी कोषको सञ्चालक समिति बनाउनु उपयुक्त हुन्छ, पुरानै शैलीको संरचनाले नयाँ खालको नतिजा दिन सक्दैन, त्यसकारण फरक तरिकाले सोच्नुपर्छ", गभर्नर पौडेलको भनाइ थियो । मुलुकको समृद्धि, दीगो विकास तथा उत्पादकत्व वृद्धिका लागि अत्यावश्यक पूर्वाधार परियोजना कार्यान्वयन गर्न परम्परागत लगानीका अतिरिक्त वैकल्पिक वित्त परिचालन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो । विभिन्न किसिमका ऋणपत्र, प्रत्याभूति पत्र, स्वपुँजी कोषलगायत विभिन्न वित्तीय वा मौद्रिक उपकरणमार्फत वैकल्पिक वित्त परिचालन गर्न सकिने विधेयकमा उल्लेख छ।

विधेयकअनुसार कोषको अधिकृत पुँजी रू एक खर्ब र चुक्ता पुँजी रू २५ अर्ब हुनेछ। त्यसमा नेपाल सरकारको ५१ प्रतिशत अर्थात् रू १२ अर्ब ७५ करोड बराबरको शेयर लगानी गर्ने प्रस्ताव विधेयकमा गरिएको छ । कोषमा नेपाल सरकार, अन्तरराष्ट्रिय वित्तीय संस्था वा वदेशी बैंक वा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा कम्पनीले लगानी गर्न पाउनेछन्।

वैकल्पिक वित्त स्रोत भन्नाले विभिन्न माध्यमबाट कोष खडा गर्ने प्रक्रियालाई समेट्दछन्। यसअन्तर्गत कुनै परियोजना विशेषका लागि लगानीकर्ता वा सर्वसाधारणबाट स्वपुँजी (इक्विटी), ऋण वा दुवै प्रकारको रकम सङ्कलन गरेर 'क्राउडफण्डिङ' गर्न सकिन्छ।

त्यस्तै परियोजना कार्यान्वयन गर्ने निकायको प्रत्याभूति लिएर परियोजनाका लागि विशेष ऋण उठाउने, स्वदेशी वा विदेशी लगानीकर्ताबाट दीर्घकालीन पुँजी सङ्कलन गरी लगानी कोष खडा गर्नु पनि वैकल्पिक वित्तको प्रमुख उपाय हुन् । विदेशमा रहेका नेपाली नागरिक वा गैरआवासीय नेपालीबाट तोकिएको रकम सङ्कलन गरी विप्रेषण कोष (रेमिट फण्ड) खडा गर्ने कार्य पनि वैकल्पिक वित्तको स्रोत हुन जान्छ।

अन्तरराष्ट्रिय वित्तीय संस्थाबाट पूर्ण वा आंशिक जमानत लिएर ऋण वा ऋणपत्र जारी गर्न जमानत कोष खडा गर्न सकिने विषयलाई पनि वैकल्पिक वित्त परिचालनसम्बन्धी विधेयकमा समेटिएको छ । साथै कुनै निकाय वा परियोजनाको सम्पत्ति वा कारोबारलाई मौद्रीकरण गरी त्यस्तो निकायले कार्यान्वयन गर्ने परियोजनाका लागि परियोजना कोष खडा गर्ने व्यवस्था विधेयकमा राखिएको छ। यसबाहेक अन्य तोकिएका उपाय अपनाइ आवश्यक कोष खडा गर्ने प्रावधान पनि वैकल्पिक वित्त स्रोतअन्तर्गत समावेश छन्।

वैकल्पिक वित्त परिचालनबाट जम्मा भएको रकम रोजगारी प्रवर्द्धन गर्ने, उल्लेख्य आर्थिक प्रतिफल दिने वा कूल गार्हस्थ उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने परियोजनाको पहिचान, अध्ययन, विकास, निर्माण वा कार्यान्वयनका लागि प्रयोग हुने विधेयकमा उल्लेख छ।

विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरूङमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिनेछ।

त्यस्तै, सहरी विकास पूर्वाधार निर्माण, केबुलकार, रज्जुमार्ग, पोड वेलगायत संरचना निर्माण एवं सञ्चालनका लागि यस्ता कोष परिचालन गरिने जनाइएको छ। निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक-निजी साझेदारीअन्तर्गतको राष्ट्रिय प्राथमकिता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्नेछ।

यद्यपि रू एक अर्बभन्दा कम लागत अनुमान भएको परियोजनामा भने कोषबाट लगानी गर्न नसिकने विधेयकमा उल्लेख छ। त्यस्तै तत्काल प्रतिफल दिन नसक्ने परियोजना, ऋण वा जमानतबापत धितो दिन नसक्ने परियोजना, कोषले जारी गरेको ऋणपत्र वा डिवेन्चर धितो वा जमानत राखी ऋण माग गर्ने परियोजना, कुनै प्राकृतिक व्यक्तिले कार्यान्वयन गर्ने परियोजनामा कोषले लगानी गर्ने छैन।

त्यस्तै, कोषको बहालवाला सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा त्यस्तो पदाधिकारी बहाल हुनुभन्दा कम्तीमा तीन वर्षअघि आधारभूत शेयर धनी, साझेदार, सञ्चालक वा सदस्य रहेको फर्म, कम्पनी वा संस्थाले कार्यान्वयन गर्ने परियोजनामा पनि लगानी गर्न नपाइने व्यवस्था विधेयकमा राखिएको छ।रासस


## गणेशमान चारनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बिरेन्द्रबजार, धनुषा
### मधेश प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/२५**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क, र यस गणेशमान चारनाथ नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १२ को व्यवस्था बमोजिम यस नगर क्षेत्र भित्र पर्ने चारनाथ तथा वालुवा खोलाको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी गणेशमान चारनाथ नगरपालिकाले तोकेको दरमा (प्रति घनफिट रु. ५.५० मु.अ. कर बाहेक) बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल :-**

| सि. न. | बोलपत्र नं. | बोलपत्रको नाम | संकलन गर्न सकिने परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (मु.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु.३०००।०० बुझाउने खाताको विवरण | कबोल अंकको ५ % धरौटीको लागि नगद जम्मा गर्नेको हकमा रकम बुझाउने खाताको विवरण |
|---|---|---|---|---|---|---|
| १ | GCM/ GOODS/ NCB/ 01/2082/083 | चारनाथ तथा वालुवा खोलाबाट नदीजन्य पदार्थको बिक्री | १७१४९१०.५३ | रु. ९४,३२,००७.९१ | माछापुच्छे बैंक बिरेन्द्रबजार शाखामा यस कार्यालयको खाता नं. ०७१००८६३२७९०००७१ (ग-१-१) राजश्व शिर्षक नं. १४२२९ | माछापुच्छे बैंक बरेन्द्रबजार शाखामा रहेको धरौटी खाता नं. ०७१००८६३२७९०००९१ (ग-३) |

- ठेक्का सम्बन्धी थप विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट https://bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड गरी प्राप्त गर्न सकिनेछ साथै यस कार्यालयको वेवसाइट www.ganeshmancharnathmun.gov.np मा समेत हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# गाजामा अत्यावश्यक सामग्रीको चरम अभाव, राहत ढुवानीमा ढिलाइ



सिन्ह्वा

न्यूयोक । गाजा क्षेत्रमा जारी युद्ध, घरबारविहीनता र अत्यधिक गर्मीका बीच त्यहाँका सर्वसाधारणलाई दैनिक आवश्यक वस्तुहरूको खोजी नै असम्भवजस्तै बन्दै गएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (ओसीएचए) ले शुक्रबार दिएको जानकारी अनुसार गाजावासीहरू अत्यन्त कठिन परिस्थितिबाट गुज्रिरहेका छन् । खानेकुरा, पानी, औषधी लगायतका अत्यावश्यक सामग्रीको चरम अभाव छ भने राहत सामग्री अत्यन्त न्यून मात्रामा गाजा प्रवेश गरिरहेको छ ।

ओसीएचएले गाजामा प्रवेश गर्ने राहत कार्यमा ठूलो ढिलाइ हुने गरेको जनाएको छ ।

गाजाको दक्षिणी भागमा रहेको समुद्री पानीलाई पिउनयोग्य बनाउने केन्द्रको विद्युत् आपूर्ति लाइन यस साताभित्रै तेस्रो पटक क्षतिग्रस्त भएको छ । यस कारण केन्द्रले आफ्नो कुल क्षमताको १४ प्रतिशतभन्दा कम मात्र सञ्चालन गर्न सकिरहेको छ ।

यद्यपि केही व्यावसायिक गाडीहरू गाजामा प्रवेश गरेपछि केही खाद्यान्न सामग्रीको मूल्यमा सामान्य गिरावट आएको देखिएको छ, तर अधिकांश खाद्यवस्तुहरू अझै महँगा छन् र सहजै उपलब्ध छैनन् ।

ओसीएचएले हवाईमार्फत खसालिने राहत सामग्रीहरूका कारण विभिन्न स्थानमा नागरिकको ज्यान जाने वा घाइते हुने घटनाहरू पनि भइरहेको जनाउँदै राहत आपूर्तिको सबैभन्दा सुरक्षित र प्रभावकारी माध्यम स्थल मार्ग नै भएको बताएको छ ।

यसैबीच, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफनी ट्रेम्ब्लेले जारी गरेको विज्ञप्तिमा गाजा सहरमा नियन्त्रण लिने इजरायली निर्णयप्रति महासचिव गम्भीर चिन्तित भएको जनाइएको छ । उक्त निर्णयले अवस्था झनै भयावह बनाउने, नागरिकको ज्यान जोखिममा पार्ने र लाखौँ गाजावासीमाथि थप विनाश ल्याउने चेतावनी महासचिवले दिएका छन् ।

ओसीएचएले राहत सामग्री सबै नाकाबाट तथा सबै सम्भव मार्ग हुँदै निर्बाधरूपमा प्रवेश गर्न दिनुपर्नेमा जोड दिँदै, मात्रै त्यसरी सहायता व्यापक रूपमा पहुँचाउन सकिने स्पष्ट पारेको छ ।

# एनपीएल सीजन २ को अक्सनमा के छ नयाँ ?



नेपाल प्रिमिअर लीग (एनपीएल) सीजन २ को अक्सन शनिवार भएको छ।कुल ४ सय ५८ खेलाडीले नाम दर्ता गराएकोमा आयोजक नेपाल क्रिकेट सङ्घ (क्यान) ले १ सय ५० खेलाडीलाई अक्सन (लिलाम बढाबढ)मा समावेश गरेको जनाएको छ ।

जसबाट ३७ जना खेलाडी बिक्री हुनेछन् भने बाँकी खेलाडीहरू सीजन २ को दौडबाट बाहिरिने छन्।केही नयाँ खेलाडीहरू र नाम चलेका केही अनुभवी खेलाडीहरूको बिक्री खुल्ला रहेकोले सीजन २ को अक्सन रोचक हुने अनुमान गरिएको छ। केही खेलाडीमाथि फ्रेञ्चाइजका आठवटै टोलीबीच हानथाप हुने पक्का देखिन्छ।

अक्सन २ का केही नियमहरूले पनि अक्सन रोमाञ्चक र टीमबीच सन्तुलन हुने अनुमान गरिएको छ। क्यानका प्रवक्ता छुम्बी लामा भन्छन्, “फ्रेञ्चाइज टोलीले बलिया खेलाडी लिन राम्रै प्रतिस्पर्धामा उत्रिने पक्का छ।“ यसपालिको अक्सन भनेको 'मिनि' अर्थात् सानो मात्रै हो। गत वर्ष एनपीएलको सीजन १ मा सहभागी ८ फ्रेञ्चाइज टोलीले आफ्ना केही खेलाडीलाई यो सीजनको लागि टोलीमा यथावत् राखेका छन्। आवश्यक नठानेका खेलाडीहरूलाई भने रिलिज गरिसकेका छन्।

टीमका लागि चाहिने बाँकी खेलाडीहरूको मात्र अहिले अक्सन हुन लागेको हो।एनपीएलको नियम अनुसार एउटा फ्रेञ्चाइज टोलीले ९० लाख रुपैयाँको सीमाभित्र रहेर नेपाली खेलाडी खरिद गर्न पाउँछ। विदेशी खेलाडीको हकमा भने बजेटको सीमा तोकिएको छैन।अहिले मिनी अक्सनमा प्रत्येक टीमले खेलाडी 'रिटेन' (यथावत आफ्नो टोलीमा राख्दा) गर्दा लागेको खर्च बाहेक बचेको रकममा सीमित भएर अक्सनमा भाग लिनेछन्।

जस्तोकी यदि एउटा फ्रेञ्चाइज टोलीले खेलाडी 'रिटेन' गर्दा ५० लाख रुपैयाँ खर्च गरिसकेको छ भने अब उसले ४० लाख भित्र रहेर बाँकी खेलाडी किन्न पाउने क्यानका प्रवक्ता लामाले बताए।नेपाली खेलाडी खरिदमा टोलीहरूले झन्डै साढे ७ करोड खर्च गर्ने देखिएको छ। अक्सनबाट कुल ३७ खेलाडी बिक्री हुनेछन्। उनीहरूका लागि फ्रेञ्चाइज टोलीहरूले साढे ३ करोड रुपैयाँको आसपासमा खर्च गर्दैछन्।

त्यसमा सबैभन्दा बढी रकम चितवन राइनोजसँग ५८ लाख छ भने सबैभन्दा कम जनकपुर बोल्ट्ससँग ३३ लाख रुपैयाँ मात्र छ।८ टोलीमध्ये सुदुरपश्चिम रोयल्स, चितवन राइनोज, काठमान्डू गोर्खाज, विराटनगर किंग्स र लुम्बिनी लायन्सले ५/५ खेलाडी लिन पाउनेछन्। त्यस्तै पोखरा एभेन्जर्स, कर्णाली याक्स र जनकपुर बोल्ट्सले ४/४ खेलाडी किन्ने ठाउँ खाली छ। थुप्रै खेलाडीबारे यसपालि पनि टीम मालिकबीच हानथाप हुने देखिन्छ।

त्यसमा धेरैको आँखा अलराउन्डर आदिल आलम माथि हुने कतिपयले ठानेका छन्। दुई वर्षअगाडि भएको नेपाल टी-२० लीग मा 'स्पट फिक्सिङ' प्रकरणमा फस्दा आदिलले एनपीएल सीजन १ गुमाउन पुगेका थिए ।

त्यसैगरी चोटका कारण गत वर्ष नखेलेका पवन सर्राफ यसपालि क्याटगोरी ए को आकर्षक खेलाडी हुन सक्छन् भने कर्णाली याक्सले रिलिज गरेका यू १९ राष्ट्रिय टोलीका पूर्व कप्तान देव खनालमा पनि फ्रेञ्चाइज टोलीको आँखा पर्न सक्ने ठानिएको छ।

विकेटकीपर ब्याटरद्वय अर्जुन साउद र दिलीप नाथका निम्ति पनि राम्रै 'बोली' लाग्न सक्छ। त्यसो त क्याटगोरी ए मा भेट्रान शरद भेषावकर, अलराउन्डर सुनाम गौतम र तथा बलर सूर्य तामाङ पनि छन्। तर आफ्नो बजेटभित्र रहेर खेलाडी किन्नका लागि क्याटगोरी बी र सी मा पनि टोलीको नजर हुनेछ।

जस्तो कि युवा प्रतिभाहरू बलर सन्तोष यादव, बायाँ हाते बलर दयानन्द मण्डल, निरज यादव, साहिल पटेल जस्ता खेलाडीहरू अगाडि आउने सम्भावना रहेको बताइन्छ।त्यसो त सुनिल धमला जस्ता चलेका खेलाडीको नाम अक्सनको सूचीमा समावेश छैन। त्यसैले क्यानले अक्सनका समय केही नयाँ नामहरू थप्न सक्छ।

विराटनगर किङ्सका सीइओ दीपेन्द्र चौधरी भन्छन्, “राम्रा खेलाडीमाथि आँखा छ। हेरौँ भाग्यमा को को पर्छन्। त्यसपछि विदेशी खेलाडी किन्ने रणनीति हुने छ।“ यसपटक क्यानले क्याटगोरी ए मा ८ खेलाडी, बी मा ३५ र सीमा १०७ खेलाडी राखेका छन्।धेरै जसो टोलीले ५ देखि ६ जना पुरानै खेलाडी राखेकोले अब बाँकी खेलाडीका लागि मात्र अक्सन हुँदा टोलीले जुनसुकै क्याटगोरीको खेलाडी पनि किन्न सक्ने छ। यसमा सीमा हुने छैन।

क्यान प्रवक्ता लामा भन्छन्, “जस्तोकि कुनै टीमले क्याटेगोरी ए को मात्र खेलाडी किन्छु वा बी को मात्र खेलाडी किन्छु भन्न पाउँछ। फरक यति मात्र हो कि त्यो टोलीको ९० लाख रुपैयाँको बजेटभित्र हुनुपर्‍यो।“ त्यस्तै अक्सनमा नबिकेका खेलाडी पछि 'विस लिस्ट'मा त्यही क्याटेगोरोमा 'बेस प्राइस' मा किन्न सक्नेछन्। अघिल्लो वर्ष जस्तो क्याटेगोरी फेरेर दोहोर्‍याएर अक्सनमा राखिने छैन।

एउटा टोलीमा १७ खेलाडी हुनेछन्। जसमा एक मार्की, एक स्थानीय आइकोनिक खेलाडी, १० खेलाडी अक्सनबाट र ५ विदेशी रहने छन् ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आइसीसीले गत वर्ष टेस्ट खेल्ने चारजना खेलाडी मात्र एनपीएललाई उपलब्ध गराएको थियो।त्यसमा जुन टीमले पहिले खरिद गर्‍यो त्यही टीमले बाजी मार्थ्यो।यसपालि ४ खेलाडीको सीमा हटाउनका लागि पहल थालिएको क्यानका प्रवक्ता लामाले बताए। उनले भने, “पत्राचार भएको छ।“

दुई वर्षभित्र टेस्ट, एक दिवसीय वा टी २० खेलेका चार विदेशी खेलाडीबाहेक पहिले त्यस्ता खेल खेलेका विदेशी खेलाडी किन्न भने टोली स्वतन्त्र हुने छन्। एउटा टोलीले ६ जनासम्म विदेशी किन्न पाउँछ, तर मैदानमा एक पटकमा चार विदेशी मात्र राख्न पाउने प्रावधान छ।एनपीएलमा क्याटगोरी ए का खेलाडीको मूल्य १० देखि १५ लाख रुपैयाँ, क्याटगोरी बी को मूल्य ५ देखि १० लाख रुपैयाँ र क्याटगोरी सी को मूल्य २ देखि ५ लाख रुपैयाँ छ।नेपालको सर्वाधिक बजेटको खेलकुद कार्यक्रम मानिएको एनपीएलको तिथि र पुरस्कार घोषणा गर्न भने बाँकी छ।

# युक्रेन शान्तिका लागि पुटिन–ट्रम्पको पहल कति प्रभावकारी ?



एएफपी

वासिङ्टन ।संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आउँदो शुक्रबार (अगस्त १५ गते) अमेरिकाको अलास्का राज्यमा भेटवार्ता हुने तय भएको छ ।

यो भेटवार्ताको उद्देश्य सन् २०२२ को फेब्रुअरीमा सुरु भएको युक्रेन युद्ध अन्त्य गर्ने मार्ग प्रशस्त गर्नु हो ।

राष्ट्रपति ट्रम्पले दोस्रो कार्यकाल सुरु गरेदेखि नै आफूले '२४ घण्टामै युद्ध सकाउने' दाबी गर्दै शान्ति स्थापनाको पहल गरिरहनुभएको छ, यद्यपि हालसम्म भएका थुप्रै वार्ता, टेलिफोन संवाद तथा कूटनीतिक भ्रमणहरूले ठोस प्रगति भने गर्न सकेका छैनन् ।

शुक्रबार राष्ट्रपति ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसल मा बैठक अगस्त १५ गते अलास्कामा हुने घोषणा गर्नुभयो, जुन कुरा क्रेमलिनले पनि पुष्टि गर्नुभएको छ । क्रेमलिनका अनुसार यो स्थान 'तार्किक र उपयुक्त' रहेको छ । राष्ट्रपति ट्रम्पले पुटिन र युक्रेनी राष्ट्रपति भोलोदीमिर जेलेन्स्कीको सन्दर्भमा भन्नुभयो, “उनीहरूले मसँग भेट गर्न चाहन्छन् भने म हत्या रोक्न सक्ने जुनसुकै प्रयास गर्न तयार छु ।” व्हाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भन्नुभयो, “केही भूभागहरू साटासाट गरिनेछ, जसबाट दुबै देशलाई लाभ हुनेछ,” तर उहाँले विस्तृत विवरण दिनुभएन ।

अलास्का बैठक स्थलको रूपमा चयन हुनुको मुख्य कारण ऐतिहासिक र भौगोलिक दुवै पक्षसँग सम्बन्धित छ । सन् १८६७ मा रसियाले अलास्का अमेरिकालाई बेचेको थियो । भौगोलिक रूपमा पनि अलास्काको पश्चिमी किनारा र रसियाको पूर्वी भागबीच बेरिङ जलसन्धि मात्र पर्दछ ।

क्रेमलिनका सल्लाहकार युरी उशाकोभका अनुसार,“अलास्का र आर्कटिक क्षेत्रमा दुवै मुलुकका आर्थिक हितहरू मिल्दछन् र आपसी सहकार्यका लागि ठूलो सम्भावना देखिन्छ ।” उशाकोभले थप भन्नुभयो,“ मुख्य ध्यान भने युक्रेन सङ्कटको दीर्घकालीन शान्तिपूर्ण समाधानतर्फ केन्द्रित हुनेछ । साथै, आगामी बैठक रसियामा आयोजना गर्न राष्ट्रपति ट्रम्पलाई निमन्त्रणा दिइसकेको जानकारी पनि उहाँले दिनुभयो ।”

हालै पुटिनमाथि अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) ले जारी गरेको पक्राउ आदेशले बैठक स्थल चयनमा केही चुनौती उत्पन्न गरेको थियो, जसकारण संयुक्त अरब इमिरेट्स, टर्की, चीन वा भारतजस्ता देशहरू बैठकका सम्भावित स्थलको रूपमा चर्चा भइरहेका थिए ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले यो शिखर बैठकलाई त्रिपक्षीय बनाउने चाहना व्यक्त गर्दै आएका छन् । उहाँले बारम्बार पुटिनसँग प्रत्यक्ष भेट नै शान्तिको लागि एक मात्र उपाय भएको बताउनुभयो । राष्ट्रपति ट्रम्पका विशेष दूत स्टीभ विटकोफले यसै साता पुटिनसँगको वार्तामा त्रिपक्षीय बैठकको प्रस्ताव राख्नुभएको थियो, तर रसियाली पक्षले युक्रेनसँगको प्रत्यक्ष वार्ता केवल वार्ताको अन्तिम चरणमा मात्र सम्भव हुने भनिसकेको छ । ट्रम्पले पत्रकारद्वारा सोधिएको प्रश्नमा, “पुटिनले जेलेन्स्कीलाई भेट्नुपर्छ त?” भन्नेमा उत्तर दिनुभयो, “होइन, अनिवार्य छैन ।”

राष्ट्रपति ट्रम्प र पुटिनबीच अन्तिमपटक भेट २०१९ मा जापानमा आयोजित जी-२० सम्मेलनमा भएको थियो । त्यसअघि २०१८ मा फिनल्याण्डको हेलसिंकीमा दुबै नेताबीच महत्वपूर्ण बैठक भएको थियो । पुटिनले अमेरिका भ्रमण गरेर अमेरिकी राष्ट्रपतिको रूपमा ट्रम्पपछि अन्तिमपटक २०१५ मा पूर्वराष्ट्रपति ओबामासँग संयुक्त राष्ट्रसंघको महासभामा भेट गर्नुभएको थियो ।

शान्ति वार्ताका अनेक प्रयासहरू हुँदाहुँदै पनि अहिले रसिया र युक्रेनबीच ठोस सहमति भएको छैन । युक्रेन युद्ध अन्त्यका लागि पश्चिमी मुलुकहरू, युक्रेन तथा अमेरिकाले तत्काल युद्धविरामको आह्वान गरिरहेका छन्, तर रसियाले यसलाई अस्वीकार गर्दै चारवटा क्षेत्र खाली गर्न, युक्रेनले तटस्थ राष्ट्रको हैसियतमा बस्न, पश्चिमी सैन्य सहायता अस्वीकार गर्न र नेटोमा नजाने प्रतिबद्धता जनाउनुपर्ने शर्त राखेको छ ।

# भारतीय सेनाले बनाउन लागेको ड्रोन बटालियन कस्तो



बीबीसी

काठमाण्डु । यो वर्ष मे महिनामा भारत र पाकिस्तानबीच भएको सैन्य सङ्घर्षपश्चात् भविष्यका युद्धको तयारीको रणनीतिस्वरूप भारतीय स्थल सेनाले आफ्ना विभिन्न अङ्गहरूका लागि विशेष 'ड्रोन बटालियन' बनाउने निर्णय गरेको छ।

यस रणनीतिअन्तर्गत स्थल सेनाको आर्टिलरी, इन्फन्ट्री तथा आर्मर्ड डिभिजनहरूमा एक-एक वटा ड्रोन युनिट बनाइने छ। यी नयाँ एकाइहरूको काम केवल ड्रोन सञ्चालन गर्नु रहेको छ। अधिकारीहरूका अनुसार यसका निम्ति सैनिक अफिसरहरूलाई छुट्टै विभिन्न अपरेशनका उच्चस्तरीय प्रशिक्षण दिइने छ।

जुलाई २६ मा 'कारगिल विजय दिवस'को अवसरमा भारतका स्थल सेनाका प्रमुख उपेन्द्र द्विवेदीले सेनामा ३० लाइट कमान्डो बटालियन र ड्रोनसहित सबै अस्त्र तथा उपकरणले लैस 'रुद्र ब्रिगेड' बनाउने घोषणा गरेका थिए। ड्रोन बटालियन बनाउने रणनीति भारतीय सेनाको आधुनिकीकरण तथा यसका तीनै अङ्गमा समन्वयको व्यापक योजनाको एउटा हिस्सा हो।

रक्षा विश्लेषक राहुल बेदी भन्छन् ड्रोन बटालियनको चर्चा पहिले देखि नै चलिरहेको थियो। बेदी भन्छन्, “अपरेशन सिन्दूरपछि ड्रोनलाई सेनामा कम्ब्याट युनिटजस्तै गरी सामेल गर्नु एउटा व्यापक रणनीतिको हिस्सा बन्न पुग्यो। पछिल्लो दश वर्षमा भएका युद्ध, चाहे हाल जारी युक्रेन-रुस युद्ध होस् वा अजरबैजानको युद्ध होस् वा इजरेल, लेबनन र इरानबीच भएका लडाइँ होस्, यी सबैमा ड्रोनको प्रयोग ठूलो स‍ङ्ख्या र धैरै प्रभावकारीताका साथ भए।“

“ड्रोनको एउटा विशेषता के पनि छ भने यो सामान्यतया सस्तो हुन्छ र यिनलाई अर्बौं रुपैयाँ पर्ने ट्याङ्कहरूलाई नष्ट गर्न प्रयोग गरिन्छ। त्यसैले यसलाई एक सस्तो र प्रभावशाली हतियारका रूपमा हेरिएको छ।“राहुल बेदी भन्छन् भारतीय सेनाले अब ड्रोनका निम्ति विशेष ब्रिगेड बनाउँदै छ। जसमा २५ देखि १०० सैनिक तथा प्राविधिक विशेषज्ञहरूलाई केवल ड्रोन सञ्चालनको जिम्मा दिइने छ । उनी भन्छन्, “ड्रोन दुई थरी हुन्छन्। एकथरी आक्रामक, अट्याक ड्रोन र अर्कोथरी निगरानी, सर्विलन्स ड्रोन अर्थात् सूचना सङ्कलन गर्न खुफिया उडान भर्ने। सर्विलन्स ड्रोनले निशाना कहाँ छ भनेर पत्तो पाउँछ अनि अट्याक ड्रोनलाई सङ्केत दिन्छ। अट्याक ड्रोन एक्लै वा २०-२५ ड्रोनका झुन्डमा उडेर उक्त निशानामा हमला गर्छ।“ड्रोन तीन श्रेणीका हुन्छन्। छोटो दूरीका ड्रोन जो २० देखि ५० किलोमिटरसम्म काम गर्छन्। मध्यम वा उच्चस्तरका ड्रोन जसले विस्तारित दूरीका उडान भर्न सक्छन्। अनि अत्याधुनिक अट्याक ड्रोन, उदाहरणका लागि एमक्यू-एनबी।

भारतले यस्ता ३१ ड्रोन साढे तीन अर्ब डलरमा अमेरिकासँग किनेको छ। भारतले सन् १९९० को दशकको अन्त्यतिरदेखि नै ड्रोन किन्न सुरु गरेको हो।भारतले इजरेलसँग हार्पी, हेरोप र हेरोन श्रेणीका ड्रोन किनेको छ जसको अपरेशन सिन्दूरका बेला पनि व्यापक प्रयोग गरिएको थियो। भारतले आफ्नो घरेलु ड्रोन पनि बनाइरहेको छ।लद्दाख तथा अरुणाचल प्रदेशजस्ता धेरै उचाइमा अवस्थित पर्वतीय इलाकाहरूमा सैनिकहरूलाई युद्ध सामग्री तथा रसदपानी पुर्‍याउन पनि ड्रोनहरूको उपयोग भइरहेका छन्।

ड्रोनको प्रविधि विकासमा खासगरी तीनवटा देशले धेरै प्रगति गरेका छन् - सबभन्दा पहिले इजरेलले अत्याधुनिक ड्रोनहरू बनायो, त्यसपछि अमेरिकाले त्यसमा महारथ हासिल गर्‍यो र अब चीन पनि यो क्षेत्रमा तीव्रताका साथ अगाडि आइरहेको छ। भारत र पाकिस्तानबीच मे मा भएको सङ्घर्षमा पाकिस्तानले चीन र टर्कीका ड्रोन प्रयोग गरेको थियो। उच्च प्रविधियुक्त ड्रोनको लडाइँ वा हाइटेक ड्रोन वारफेर अब धेरैभन्दा धेरै हुन थालेको छ।

रक्षा विश्लेषक राहुल बेदीले विगतमा पैदल फौजबीच लडाइँ हुने गरेको र त्यसलाई कन्ट्याक्ट वारफेर भनिने गरेको बीबीसीलाई बताए।उनी भन्छन्, “अब त्यस्ता लडाइँका दिन सकिन लागे। अब यस्ता काम मेशीनलाई दिइन्छ। अब त कम्प्युटरले नियन्त्रण गर्ने पाइलटविनाका लडाकू विमान पनि बन्न थालेका छन्। ““पाइलटबाट बरु निशानामा मार हान्न चुक हुन सक्ला तर मेशीनले गल्ती गर्ने सम्भावना न्यून हुन्छ।“

राहुल बेदी भन्छन् भविष्यका युद्धमा मानिसहरूको जरुरत कम भएर जानेछ र मेशीनहरूको जरुरत बढेर जानेछ।“जसले आधुनिक प्रविधि अपनाउँछन् र जसको यसमाथि नियन्त्रण हुन्छ उसैको जित हुनेछ।“ रक्षा विश्लेषक तथा सैन्य मामिलाको पत्रिका 'फोर्स'का सम्पादक प्रवीण साहनीका अनुसार भारतले आफ्नो सेनामा जुन ड्रोन बटालियन बनाउँदै छ त्यसको धेरै ठूलो फाइदा हुनेछैन।जबसम्म भारतसँग जमिनमा चौबिसै घण्टा नजर राख्नका लागि आफ्नो एक प्रभावशाली भूउपग्रह प्रणाली हुँदैन तबसम्म यी ड्रोनले प्रभावकारी ढङ्गले काम गर्न नसक्ने उनले बताए । साहनी भन्छन्, “हामीले अपरेशन सिन्दूरको समयमा देख्यौँ कि चीनको भूउपग्रह सञ्जालको सहयोगमा पाकिस्तानलाई चौबिसै घण्टाको सर्विलन्स मिलेको थियो। यसको मतलब भारतीय सेनाका जुन गतिविधि भइरहेका थिए उनीहरूले त्यो देखिरहेका थिए। कुन चीज कहाँ छ भनेर उनीहरूलाई थाहा थियो।“युद्ध मैदानबारे जानकारी प्राप्त भएका बेला ड्रोनको महत्त्व हुने उनले बताए। “तपाईँ यस्तो लडाइँ लडिरहनु भएको छ जसमा दुवै पक्षलाई अगाडि के छ भनेर थाहा छैन। दुवै देश अधिकतर क्षेप्यास्त्रको प्रयोग गरिरहेका छन्।“चौबिसै घण्टा निगरानी गर्ने क्षमताको अभावमा यस्ता ड्रोन युनिटहरूको कुनै मतलब नहुने उनले बताए।

प्रवीण साहनीले भने, “म यो भन्दिन कि यसको कुनै जरुरत नै छैन । तर वर्तमान परिस्थितिमा यसलाई प्राथमिकता दिनु आवश्यक छैन।“उनको विचारमा भारतीय सेनाको पहिलो आवश्यकता चौबिसै घण्टा युद्ध मैदानको सफा तस्बिरको निगरानीका निम्ति भूउपग्रह प्रणाली हो, जुन चीनको माध्यमबाट पाकिस्तानलाई उपलब्ध छ।उनी भन्छन्, “त्यसपछि हामीलाई इलेक्ट्रोनिक वारफेरको क्षमता चाहिन्छ, जुन अहिले पाकिस्तानसँग छ।“

“अहिले भारतीय सेनाले सीमापारीको गतिविधिको जानकारीका लागि यूएभी (मानवरहित साना विमान)को प्रयोग गर्छ ।

# अमेरिकाको सख्त नीति: लागूऔषध कार्टेललाई आतङ्ककारी ठहर

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ल्याटिन अमेरिकी मूलका लागूऔषध तस्कर समूहहरूमाथि सम्भावित सैन्य कारबाहीको विकल्पहरूबारे समीक्षा गरिरहनुभएको विभिन्न सञ्चार माध्यमहरूले जनाएका छन् । यो पहल अमेरिकाद्वारा केही महिनाअघि यस्ता समूहहरूलाई ' विदेशी आतङ्ककारी संगठन' घोषणा गरेपछि अघि बढाइएको हो ।

न्यूयोर्क टाइम्स का अनुसार राष्ट्रपति ट्रम्पले पेन्टागनलाई ती कार्टेलहरू विरुद्ध आवश्यक सैन्य विकल्पहरू तयार गर्न निर्देशन दिनुभएको छ। द वाल स्ट्रीट जर्नल ले पनि राष्ट्रपति कार्यालयले विशेष सैन्य बलहरूको प्रयोग, खुफिया सहयोग र अन्य उपायहरूबारे योजना तयार गर्न आदेश दिएको उल्लेख गरेको छ । सम्भावित कुनै पनि कारबाही विदेशी साझेदारहरूसँग समन्वयमा गरिने बताइएको छ ।

यद्यपि, ह्वाइट हाउसकी प्रवक्ता अन्ना केलीले प्रतिवेदनको औपचारिक पुष्टि नगरे पनिराष्ट्रपतिट्रम्पकोप्रमुखप्राथमिकता अमेरिकाको राष्ट्रिय सुरक्षा रहेको स्पष्ट पार्दै, कार्टेल र आपराधिक गिरोहहरूलाई आतङ्ककारी संगठन घोषणा गर्नुको पछाडि यही उद्देश्य रहेको बताउनुभएको छ। अमेरिकाले फेब्रुअरी महिनामा भेनेजुएलाको ट्रेन दे अरागुवा, मेक्सिकोको सिनालोआ कार्टेल लगायत आठवटा लागूऔषध तस्कर समूहहरूलाई विदेशी आतङ्ककारी समूहको सूचीमा राखेको थियो । पछिल्लो समय थप रूपमा कार्टेल अफ द सनस नामक समूहलाई पनि सूचीमा समावेश गरिएको छ, जुन समूहमाथि विगत दुई दशकदेखि अमेरिका तर्फ ठूलो मात्रामा लागूऔषध पठाएको छ ।

# सप्तापातल पोखरीमा फेरि डुल्नेछन् माछा, ढुङ्गेधारामा बग्नेछ पानी



ललितपुर । ललितपुर महानगरपालिका-१५ स्थित लगनखेलमा करिब दुई हजार वर्ष पुरानो अशोक स्तूपा रहेको छ । सोही स्तूपाको पश्चिमतर्फ रहेको १६०० वर्ष पुरानो ऐतिहासिक सप्तापातल पोखरीको पुनर्निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

वर्षौं अघि लगनखेलस्थित सप्तापातल पोखरीमा राजकुलोमार्फत टीकाभैरवको पानी ल्याएर सञ्चित गरिन्थ्यो । सोही पोखरीको पानीबाट पाटन सहरमा रहेका ढुङ्गेधारामा पानी झर्थ्यो । अतिक्रमणमा परेको यो ऐतिहासिक पोखरीलाई पुनःस्थापना गरी ललितपुर महानगरपालिकाले पुनर्जीवित गरिरहेको छ।

जीर्ण अवस्थामा रहेको सप्तापातल पोखरीको १४ रोपनी १० आना क्षेत्रफल नमूना मच्छिन्द्रनाथ माध्यमिक विद्यालयको नाममा पारिएको थियो । यस निर्णयको स्थानीयले विरोध गरे पनि विद्यालयको नाम जोडिएकाले विरोध चाँडै थामिएको थियो।

विसं २०६० मा विद्यालयले व्यावसायिक परियोजनाअन्तर्गत पोखरीमा ३३ वटा सटरसहितको भवन निर्माण सुरू गरेपछि स्थानीयहरूले पुनः विरोध जनाए । सोही समयमा लगनखेल वातावरण सुधार संस्थाका अध्यक्ष पूर्ण स्थापितको नेतृत्वमा सप्तापातल पोखरीको संरक्षणका लागि सर्वोच्च अदालतमा मुद्दा दायर गरियो।

सर्वोच्च अदालतका न्यायाधीश दीपककुमार कार्की र तेजबहादुर केसीको इजलासले विद्यालयले उपभोग गर्दै आएको कित्ता नम्बर ११२ को जग्गा गैरकानुनी रूपमा विद्यालयको नाममा बनाइएको ठहर गर्दै २०७६ साल असार २३ गते मुद्दाको फैसला गर्यो।

सोह्र वर्षसम्म मुद्दा लडेर पोखरीलाई पुनःस्थापित गराउन सफल भएका सप्तापातल पोखरी पुनर्निर्माण उपभोक्ता समितिका अध्यक्ष, ८० वर्षीय पूर्ण स्थापित भन्नुहुन्छ, "यो निकै ऐतिहासिक पोखरी हो । यसको सम्बन्ध पाटन सहरको पानी र रातो मच्छिन्द्रनाथको भोटो जात्रासँग जोडिएको छ। त्यसकारण यसको पुनर्निर्माण र संरक्षण गर्नु हाम्रो दायित्व हो।"

सप्तापातल पोखरीसँगै रहेको कमल पोखरी (पलेस्वाँ) को ३० रोपनी जमिन राजदल गण ब्यारेकको कम्पाउण्डभित्र रहेकोले ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनको पहलमा त्यसलाई मुक्त गरियो । महर्जनले बाल्यकालमा सप्तापातल र कमल पोखरीमा पौडी खेलेको सम्झँदै भन्नुभयो, "अब पोखरी स्थापित हुन्छ, फेरि कमल फूल्छ।"

सप्तापातल पोखरी र रातो मच्छिन्द्रनाथ जात्राको सम्बन्ध

वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको जात्रा उपत्यकाको सबैभन्दा लामो जात्राका रूपमा मनाइन्छ। प्रत्येक वर्ष वैशाख शुक्ल पञ्चमीबाट सुरू हुने यो जात्रा तिथिअनुसार महिनौंसम्म चल्ने गर्छ । पुल्चोकबाट रथारोहण गरिएपछि रातो मच्छिन्द्रनाथ र मीननाथको रथलाई पाटन, सुन्धारा, लगनखेल हुँदै जावलाखेल पुर्याइन्छ। त्यसपछि राष्ट्रप्रमुखबाट भोटो देखाउने परम्परा रहेको छ।

भोटो देखाएपछि जलपानेजु पुजारीहरूले सप्तापातल पोखरी छेउको मान्साहिटीमा पूजाआजा गर्छन् । त्यसपछि छेउमै रहेको बुटुकभैरव मन्दिरमा एक जोडी भँगेरा छाड्ने चलन छ । मान्यताअनुसार ती भँगेराले रातो मच्छिन्द्रनाथ र मीननाथको जात्रा सम्पन्न भएको सन्देश स्वर्गका राजा इन्द्रसम्म पुर्याउँछन्।

त्यसैगरी, सप्तापातल पोखरीमा दुईवटा माछा छाड्ने परम्परा पनि रहिआएको छ, जसले जात्राको समापनको सन्देश पातालका राजा कर्कोट नागराजासम्म पुर्याउने विश्वास गरिन्छ। पोखरीमा वर्षौंदेखि पानी नहुँदा परम्पराअनुसार खाल्डो खनेर माछा छाड्नुपर्ने बाध्यता थियो । यसैले पुजारीहरू विधिपूर्वक माछा छोड्न पाएका थिएनन्।

काठमाडौँ उपत्यकाको यो ऐतिहासिक जात्रा सप्तापातलबाट जोडी भँगेरा उडाएपछि र माछा छोडेपछि औपचारिक रूपमा समापन भएको मानिन्छ। त्यति मात्र होइन, पाटनस्थित ढुङ्गेधारामा पानी झर्न पनि सप्तापातल पोखरीको महत्वपूर्ण भूमिका रहेको ललितपुर महानगरपालिका प्रमुख महर्जन बताउनुहुन्छ।

**कस्तो बन्दैछ सप्तापातल पोखरी ?**

पोखरीलाई परम्परागत शैलीमा पुनर्निर्माण गरिँदैछ । सप्तापातल र कमल पोखरीको पुनर्निर्माण गर्दा कूल लागत रु १५ करोडसम्म लाग्न सक्ने पुनर्निर्माण उपभोक्ता समितिका सदस्य किरणकुमार स्थापित राससलाई बताउनुहुन्छ । हालसम्म करिब रु आठ करोड खर्च भइसकेको छ। अब केही हप्ताभित्र पोखरीमा पानी हाल्ने तयारी भइरहेको र पूर्ण रूपमा सम्पन्न हुन अझै एक वर्ष लाग्ने बताइएको छ।

दश फिट गहिराइको पोखरीमा ईँटा बिच्छ्याइएको छ र चुना, सुर्की, कालो माटो, बालुवा र ढुङ्गा मात्र प्रयोग गरिएको छ। इञ्जिनियर राकेश महर्जनका अनुसार पोखरी जीवमैत्री स्वरूपमा निर्माण गरिएको हो । धेरै पोखरीहरू खाल्डोजस्तो हुने भएकाले जैविक प्राणीहरू बाहिर निस्कन सक्दैनन्, तर यस पोखरीमा भने विभिन्न प्रजातिका किरा, भ्यागुताजस्ता जीवहरू माथि आउन सक्ने व्यवस्था गरिएको छ। उनीहरूको सुरक्षाका लागि मानव आवतजावत नहुने छुट्टै क्षेत्रसमेत बनाइएको छ।

पोखरीमा ढुङ्गेधारामा पानी झार्न सिमेन्ट प्रयोग गरिएको छैन। जैविक प्राणीका लागि कङ्क्रिटविहीन संरचना बनाइएकाले वातावरणमैत्री रहनेछ। पोखरीको चारैतिर पुल्चोकमा जस्तै फलामको बार लगाइएको छ, जसबाट बाहिरबाट पोखरीको दृश्य सजिलै अवलोकन गर्न सकिन्छ।

पुनर्निर्माणपछिका सांस्कृतिक पर्वहरू यथावत् रूपमा सञ्चालन गरिनेछन्।

आगन्तुकहरू पोखरी वरपर मौलिक शैलीमा निर्माण गरिने पाटीहरू (फल्चा) मा बसेर आराम गर्न र दृश्यावलोकन गर्न सक्नेछन् ।रासस

# अधियाँ खेतीमै निर्भर छ भूमिहीन परिवार



कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-८ नौखरीका कान्छा चौधरी बिहान सबेरै हलो बोकेर निस्कन्छन्, तर त्यो हलो उनी आफ्नै खेत जोत्न होइन । छिमेकीको अधियाँ-बटैयामा बनाएको खेत बारी जोत्नका लागि हो। उहाँसँग घरवासका लागि मात्रै जग्गा छ। त्यस जग्गाले परिवारको वर्षभरिको खानाको जोहो नहुने भएपछि अधियाँ-बटैयामा जग्गा कमाउँदै आउनुभएको छ। उहाँजस्तै अधियाँ-बटैयामा खेती गर्ने नगरपालिकामा दर्जनौँ किसान छन्।

जो जीविका चलाउनकै लागि अधियाँ अर्थात् बटैयामा खेती गर्दै आएका छन् । बटैयामा खेती गर्ने किसानले र जग्गाधनीले उत्पादन भएको अन्न आधा आधा बाँडेर लिने गरेका छन् । जसका लागि जग्गाधनीले जग्गासँगै सिँचाइका लागि पानी निःशुल्क रूपमा उपलब्ध गराउँछन् । अधियाँ लगाउनेले खेत जोत्छन् । खेती लगाउ छन्, काट्छन्, बाली पाकेपछि भित्र्याउने जिम्मा पनि अधिया गर्नेकै हुने कान्छा बताउनुहुन्छ।

तर जोत्ने कार्यबाहेक थ्रेसिङ गर्दा लाग्ने खर्च, मलखाद, विषादी, बीउबिजनलगायतको खर्च अधियाँ बनाउने र जग्गा धनिले आधा-आधा बेहोर्छन् । जग्गा थोरै हुँदा वर्षभरी खान नपुग्ने परिवारले अधियाँ खेती लगाउने गरेका छन् । अधियाँ खेती गर्ने कार्य भने धेरै वर्षअघिदेखि चल्दै आएको छ । अधियामा खेती गरेर जग्गाधनी र खेती लगाउने व्यक्ति गरी दुई परिवारको जीविका चल्ने गरेको कलेशु चौधरीले बताउनुभयो।

उहाँका अनुसार अधियाँ लगाउने जोताहा किसानलाई जग्गाधनीले पहिला घरको काममा पनि लगाउने गर्दथे। त्यसका लागि अधिया माग्न जाँदानै मौखिक रूपमा करार गर्नुपर्दथ्यो। बदलिँदो परिवेशअनुसार हाल अधियाँ लगाउने व्यक्तिले जग्गाधनीको घरायसी काम भने गर्नुपर्दैन । त्यो चलन हटेको छ।

"कसैले स्वविवेकले कार्य गरे भने त्यो बेग्लै कुरा हो", कलेशुले भन्नुभयो, "पुरानो चलन हटेको छ, मौखिक रूपमा विश्वासका आधारमा हाल काम हुने गरेको छ, अधियाँ लगाउने र जग्गाधनीबीच भने कुनै लिखित करार हुने गरेको छैन।"

जग्गाधनीले अधियाँ लगाउने किसानले खेती राम्ररी नलगाएबीचमै छुटाउने कार्य हुँदै आएको राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल सुदूरपश्चिम प्रदेश सचिव रामबहादुर चुँनाँराले बताउनुभयो । त्यस कार्यले अधियामा जीविका चलाउने परिवार भने समस्यामा पर्ने गरेको उहाँ बताउनुहुन्छ।

मञ्चले सङ्कलन गरेको तथ्याङ्कअनुसार नगरपालिकामा खेती गर्ने जमिन थोरै छ । जमिनमा आश्रित जनसङ्ख्या अत्यधिक छ । नगरपालिकाको कूल १६२ दशमलव ७५ वर्गकिलोमिटर क्षेत्रफलमध्ये केवल आठ दशमलव ४२ वर्ग किलोमिटर (५.१७ प्रतिशत) जमिन मात्रै खेतीयोग्य छ। बाँकी सबै क्षेत्रमा वन, बस्ती, सडक, खोलानाला, धार्मिक क्षेत्र र अन्य प्रयोगको जमिन रहेको छ।

नगरपालिकामा १२ हजार ५८ घरधुरीमध्ये ८२८ परिवारसँग अझैपनि आफ्नो नाममा जग्गा छैन । पुरुषको जग्गामा स्वामित्व ९४ प्रतिशत छ भने, महिलाको नाममा पाँच दशमलव आठ प्रतिशत जग्गाको स्वामित्व छ। लैङ्गिक समानताका चर्का कुरा गरिए पनि व्यहारमा भने महिलाको सम्पती माथिको अधिकार सीमित रहेको मञ्चका सचिव चुँनारा बताउनुहुन्छ।

उहाँका अनुसार भूमिहीनहरूमध्ये धेरैजसो दलित, सुकुम्बासी र आदिवासी जनजाति समुदायका व्यक्तिहरू रहेका छन्। जसले पुस्तौँदेखि अरुको जमिनमा अधियाँ जग्गा कमाउनका लागि पसिना बगाइरहेका छन्। "हामी पुर्खौंदेखि अरुको जमिन जोत्दै आएकाछौं", गोरे दमाईले भन्नुभयो, "आफ्नो नाममा जग्गा छैन अरुकै भरमा जीविका चल्दै आएको छ।"

भूमि अधिकार मञ्चका अनुसार, हालसम्म नगरपालिकाबाट एघार हजार ८५४ अव्यवस्थित बसोबासी, २१५ भूमिहीन दलित र १४८ सुकुम्बासीले जग्गा स्वामित्वका लागि भूमिसम्बन्धी समस्या समाधान आयोगमा निवेदन दिएका छन् । निवेदन दिएकामध्ये केही वडाका अव्यवस्थीत बसोबासीको जग्गा नापजाँचको कार्य भएको छ भने केही हुने क्रममा रहेको छ। भूमिहीन दलित र सुकम्बासीले निवेदन दिए पनि कुनै पनि कार्य अगाडि बढन सकेको छैन।

जग्गामा खेती लगाए पनि बर्सेनि आउने बाढीले शुक्लाफाँटाका किसानलाई सास्ती दिने गरेको छ। बाढीकै कारण लगाइएको खेती डुबान र कटानका कारण प्रतिवर्ष प्रभावित हुने गरेको छ। जलवायु परिवर्तनको असरका कारण बेमौसमी वर्षा हुँदा खेती भित्र्याउन नपाउँदै कुनै वर्ष खेतमै धान, गहुँलगायतका बालीमा नोक्सानी बेहोर्नुपर्ने अवस्था रहने मञ्चका सुदूरपश्चिम अध्यक्ष नन्दादेवी जोशीले बताउनुभयो।

उहाँका अनुसार अघिल्लो दुई वर्षमा मात्रै नगरपालिकाका आठभन्दा बढी परिवार बाढी र डुबानले प्रत्यक्ष प्रभावित भएका थिए। "जसबाट सबैभन्दा बढी मार अधियाँ जग्गा कमाउने जोताहा किसानलाई पर्ने गरेका छन्", उहाँले भन्नुभयो, "जसमा भूमिहीन दलित, सुकुम्बासी परिवारका व्यक्तिहरू समस्यामा पर्ने गरेका छन्।"

जलवायु परिवर्तनको असरले वर्षा चक्र अनियमित बन्दा कहिले अति पानी, कहिले खडेरी हुन्छ । तापक्रमको वृद्धिसँगै नयाँ रोग र किराको प्रकोप फैलिएको छ। जसले नगदेबाली र तरकारी उत्पादनमा ठूलो असर परेको नगरपालिकाको कृषि शाखाका प्रमुख करनसिंह बुढाऐरले बताउनुभयो।

पछिल्ला वर्षहरूमा केही उत्साही कृषकहरूले व्यावसायिक तरकारीखेती, फलफूल (केरा, आँप, लिची), नगदेबाली, कुखुरापालन र बङ्गुरपालनजस्ता मिश्रित खेती र पशुपालनलाई अँगाल्न थालेका छन् । तिनीहरूको सङ्ख्या भने थोरै रहेको छ।

"अब परम्परागत खेतीले मात्रैले हुँदैन, मौसमको अनिश्चिततासँग जुध्नका लागि खेतीमा परिवर्तन गर्नु आवश्यक छ", उहाँले भन्नुभयो, "मौसम सुहाउँदो बढी उत्पादन दिने बाली लगाउनका लागि किसानलाई उत्प्रेरित गर्ने कार्य हुँदै आएको छ।" त्यसका लागि किसानलाई नगरपालिकाका तर्फबाट बीउबिजन, कृषि औजार, उपकरण, सिँचाइका साधनमा अनुदान दिने कार्य हँदै आएको उहाँले बताउनुभयो ।रासस


## Invitation for Bids

**Madhesh Institute of Health Sciences**

**Janakpurdham, Dhanusha**

**Date of publication: 10th August 2025**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the procurement of supply and delivery of Cleaning Items under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya Banijya Bank Ltd, Janakpurdham, Dhanusha

**Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

**Office Code no. :** 3700017022

**Office Account no.:** 1220100026496001

**Rajaswa (revenue) Shirshak no.:** 14229

**Dharauti Khata No.:-** 1220100026497001

4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 9th Sep. 2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM on 9th Sep. 2025 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)

| S N | IFB No. | IFB/Contract Name | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|
| 1. | MIHS/NCB/ GOODS/ 2082-83/01 | The procurement of supply and delivery of Cleaning Items. | 3000/- | 1,18,000/- |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities (Itemwise).



## प्रभु बैंक लिमिटेड शाखा कार्यालय बर्दिवास, महोत्तरीका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०४/२५ गते आईतबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०२/०५ गते सोमबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय बर्दिवास, महोत्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८२/०५/०९ गते सोमबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय बर्दिवास, महोत्तरीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा व्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको विवरण :**

**ऋणी :** नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०८/१२ मा दर्ता भई दर्ता नं १५९०३९/०७३/०७४ कायम भई, नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७३/०८/१२ (मु.अ.क. दर्ता मिति २०७४/११/०६) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४३५७३२० को प्रमाणपत्र प्राप्त **रेबुना इन्टेरियर डिजाइन प्रा.लि. । रजिष्टर्ड ठेगाना :** महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १ ।

| | |
|---|---|
| **संचालक तथा जमानतकर्ता : राम बहादुर थापा मगर**<br>(ना.प्र.न. ७८२३०१२९, जारी मिति २०५६/१/१३ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) .<br>**स्थाई ठेगाना :** सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं. १७ (साबिक सर्लाही जिल्ला रानिगजं गा.वि.स. वडा नं. ८)<br>**हालको ठेगाना :** महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १ ।<br>बाबु : पंच लाल थापा मगर । बाजे : शंखमान थापा । | **जमानतकर्ता : पन्च लाल थापा मगर**<br>(ना.प्र.नः ७८२३१२७६, जारी मिति २०४५/०२/०१ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं. १७ (साबिक सर्लाही जिल्ला रानिगजं गा.वि.स. वडा नं. ८) ।<br>बाबु : शंखमान थापा ।<br>बाजे : शेर बहादुर थाप । |
| **जमानतकर्ता : शोभा कुमारी पूर्वछाने**<br>(ना.प्र.नः १९३०९६/२४१ जारी मिति २०६३/१०/१९ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) .<br>**स्थाई ठेगाना :** सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं. १७ (साबिक सर्लाही जिल्ला रानिगजं गा.वि.स. वडा नं. ८)<br>**हालको ठेगाना :** महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १<br>बाबु : नर बहादुर पुर्वछाने ।<br>पति : राम बहादुर थापा मगर । ससुरा : पंच लाल थापा मगर । | **जमानतकर्ता : मनमाया थापा मगर**<br>(ना.प्र.नः ७८२३१२७७ जारी मिति २०४५/०२/०२ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) .<br>**ठेगाना :** सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं. १७ (साबिक सर्लाही जिल्ला रानिगजं गा.वि.स. वडा नं. ८) ।<br>बाबु : दिल बहादुर पुर्वछाने ।<br>पति : पन्च लाल थापा मगर ।<br>ससुरा : शंखमान थापा । |

**ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **शोभा कुमारी पूर्वछाने**को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला सिद्धेश्वर गा.वि.स. वडा नं. ६, नक्सा सिट नं ६घ कित्ता नं. ५५६ क्षेत्रफल ०-२-८-२ (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.........१

२. **मनमाया थापा मगर**को नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला जब्दी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं ९ग स्थित कित्ता नं. ३५२ को क्षेत्रफल ०-९-०-० (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.............................................१

३. ऋणी रेबुना इन्टेरियर डिजाइन प्रा.लि.को को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवास**बाट प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवासममा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

# यातायात व्यवस्था कार्यालय गौरमा अवैध लाइसेन्स कारोबारको जालो



**सञ्जय मिश्रा**

रौतहट । रौतहटको यातायात व्यवस्था कार्यालय गौरमा सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरणमा चरम अनियमितता र अवैध कारोबार चलिरहेको खुलासा भएको छ । कार्यालयमा ज्यालादारीमा नियुक्त सरसफाईकर्मी पिन्टु सिंह उर्फ रोशन सिंहले कार्यालय प्रमुख जितेन्द्रकुमार गुप्ताको निकटस्थको रूपमा सेवाग्राहीहरूसँग अवैध रकम असुली गर्दै आएको गम्भीर आरोप लागेको छ।

स्थानीय स्रोतका अनुसार सिंहले मोटरसाइकल (दुईपांग्रे) लाइसेन्सका लागि १० हजार रुपैयाँ र कार/जीप (चारपांग्रे) लाइसेन्सका लागि १५ देखि २५ हजार रुपैयाँसम्म बार्गेनिङ गरेर रकम असुल्ने गरेको पाइएको छ। आरोपअनुसार, लिखित वा ट्रायल परीक्षा नदिएका व्यक्तिहरूलाई समेत रकमको आधारमा लाइसेन्स उपलब्ध गराउने प्रचलन खुलेआम चलिरहेको कटहरिया ३ का समाजेसेवि रामबाबु साहले बताए।

य स ब ा ह े क ,

चोरीका भारतीय सवारी साधनलाई अवैध रूपमा नेपालीकरण गरेर दर्ता गराउनेसम्मको कार्यमा सिंहको संलग्नता रहेको कार्यालयकै एक कर्मचारीले दाबी गरे । यस प्रक्रियामा कार्यालय प्रमुख गुप्ताले मौन सहमति जनाउँदै आएका आरोप लगाइएको छ।

स्रोतका अनुसार, सेटिङ मिलाउने सेवाग्राहीलाई लिखित परीक्षामा २/५ प्रश्न मात्र टिक लगाउन लगाइने र ट्रायलमा पास नहुने व्यक्तिलाई प्रवेशपत्र बुझाएर मात्र हाजिरी पुऱ्याउने गरिएको छ। रकम बुझाएपछि न लिखित परीक्षा दिनु पर्ने न ट्रायल, सीधै स्मार्ट लाइसेन्स उपलब्ध गराइने अनियमितता चलिरहेको स्वयं लाईसेन्स लिएका एकजना सेवाग्राहीले बताए।

स्थानीय सेवाग्राहीहरूले बढ्दो गुनासो र उजुरी गर्दा पनि सम्बन्धित निकायले अहिलेसम्म ठोस छानबिन तथा कारबाहीको प्रक्रिया सुरु गरेको छैन। यातायात जस्तो संवेदनशील क्षेत्रमा नै प्रमुख र कर्मचारीको मिलोमतोमा रकम लेनदेन हुने अवस्थाले सेवाग्राहीहरू मर्कामा परेका छन् । कार्यालय प्रमुख गुप्ताले केही समयअघि नक्सालस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयानका लागि पुगेको स्वीकार गरेका छन्, तर हालसम्म मुद्दा छानबिनको अवस्था सार्वजनिक भएको छैन।

यातायात प्रमुख गुप्ताले प्रतिक्रिया दिन चाहेनन्।

**आरोपअनुसार, लिखित वा ट्रायल परीक्षा नदिएका व्यक्तिहरूलाई समेत रकमको आधारमा लाइसेन्स उपलब्ध गराउने प्रचलन खुलेआम चलिरहेको कटहरिया ३ का समाजेसेवि रामबाबु साहले बताए ।**

# लापरबाहीले जेलभित्रै गुण्डा समूहको 'ग्याङ वार', छानबिन समिति गठन

**टुडे समाचारदाता**

कैलाली । प्रहरी प्रशासनको चरम लापरबाहीले शुक्रबार मध्यरात कैलाली कारागारमा रक्तपात भएको छ । दुई गुण्डा समूहबीचको सांघातिक झगडा हुँदा एक जनाको ज्यान गएको छ भने ४९ जना घाइते भएका छन् । सो घटनाबारे छानबिन समिति गठन गरिएको छ।

राति सुतिरहेका एक कैदीको समूहमाथि अर्को समूहले अन्धाधुन्ध सांघातिक हमला गरेको थियो । जसको परिणाम कारागारभित्रै रक्तपातको स्थिति बनेको छ।

कारागारभित्रै यस्तो संगीन घटना हुनुमा सुरक्षा निकायको गम्भीर त्रुटि देखिन्छ । बिहीबार नै कैदीहरू बिच एक चरण झडप भइसकेको थियो। जसमा पाँच जना घाइते पनि भएका थिए।

कैदीबिच यो स्तरको वैमनष्यता देखिँदा पनि कारागार प्रशासन, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयले सतर्कता अपनाएको देखिदैन्। कतिसम्म भने कारागारभित्र सम्भावित अर्को घटना हुने आशंकासहितको सूचना पहिले नै दिइएको स्रोत बताउँछ। तर त्यसमा सुरक्षा संयन्त्रले गम्भीरताका साथ लिएर सतर्कता अपनाएको देखिएन।

कैलालीमा 'नन्दु सरकार' भनिने नवीन रावल र जयन्द्र शाह नेतृत्वका दुई समूह पछिल्लो समय गुण्डागर्दीमा संलग्न रहेका प्रहरी अधिकारीहरू बताउँछन् । यिनै




समूहको झगडाको सिलसिलासँग कारागारको घटना जोडिन्छ।

पहिले विभिन्न सरकारी ठेक्कापट्टामा मोलमोलाइ गर्ने, धम्क्याएर चन्दा असुल्ने काममा यी समूह सक्रिय रहेको बताइन्छ। सुरुमा एकै समूहमा रहेका यी दुई गुन्डा समूह पछिल्ला चार पाँच वर्षयता दुस्मनीमा उत्रिएका छन् । दुवै समूह एक अर्काको ज्यान लिने स्तरमा उत्रिने गरेका घटनाहरू प्रहरीको रेकर्डमा छन्।

प्रहरीका अनुसार बडूवाल जयन्द्र शाह समूहकै भएकाले नन्दु सरकारको समूहले उनको हत्या गरेको थियो। नन्दु सरकारको समूह त्यो दिन जयन्द्र समूहका अर्का पात्र कपिल श्रेष्ठमाथि आक्रमण गर्न चाहन्थ्यो। श्रेष्ठले आफूमाथि आक्रमण गर्ने योजना बनाएको थाहा पाएपछि जवाफमा उनैमाथि आक्रमण गर्ने योजना बनाएको नन्दु सरकारको समूहले भूपेन्द्रलाई भेट्टाएपछि आक्रमण गरेको थियो।

सोही घटनापछि नन्दु सरकार समूहसहित १९ जना पुर्पक्षका लागि कैलाली कारागारमा थिए। जसमा जयन्द्र समूहका कपिल श्रेष्ठ पनि कैलाली कारागारमै छन्। दुवै समूहबिचको बैमनस्यता कारागारभित्र पनि जारी थियो।

कारागारमा रहेका तीन ब्लकमध्ये 'सी' ब्लकमा महिला कैदी बन्दी राखिएका छन् । 'ए' ब्लकमा नन्दु सरकारको समूह राखिएको थियो। 'बि' ब्लकमा कपिल श्रेष्ठ लगायतका अन्य कैदी बन्दी थिए।

पछिल्लो पटक असारमा सिडिओ गोगनबहादुर हमाल कारागार निरीक्षणमा जाँदा ब्लक 'ए' मा मोबाइल फेला परेको थियो। त्यसपछि त्यहाँबाट सात जना कैदीलाई ब्लक 'बी' मा सारिएका थिए। त्यहीबाट सुरु भएको थप मनमुटाबले असार २८ गते पनि हिंसात्मक अवस्था सिर्जना गरेको थियो।जसमा कारागारका नाइके खगेन्द्र बोगटी गम्भीर घाइते भएका थिए। बोगटीमाथि कपिल श्रेष्ठ नेतृत्वको समूहले आक्रमण गरेको बताइन्छ।

त्यहाँबाट सुरु भएको हिंसाको सिलसिलाले कारागारमा तनाव बढ्दा जिल्ला प्रशासन कार्यालयले कैदी बन्दीलाई अन्य कारागार सरुवासम्म पुगेको थियो।

सरुवा भएकाहरू पनि नन्दु सरकार समूहकै सदस्यहरू थिए। जसका कारण उनको समूह आक्रोशित बन्यो। सोही कारण उक्त समूहले भित्ता फोडेर 'बी' ब्लकमा सुतिरहेका कैदीमाथि अन्धाधुन्ध सांघातिक हमला गरेको बुझिएको छ।

उनीहरूले आक्रमण गर्दा खुकुरी, चक्कु, रड र जिममा सामग्री प्रयोग गरेको बताइएको छ। सोही घटनामा ४० वर्षीय कैदी भरत चौधरीको मृत्यु भएको छ।

यता शुक्रबार रातिको घटनापछि कारागारभित्र सुरक्षाकर्मी प्रवेश गर्न सकेका छैनन्। कैलाली कारागार कैदी बन्दीहरूको कब्जामा छ । कैदीबन्दीहरूले भित्रबाट ताला लगाएको जेलर रामप्रसाद चौधरीले स्विकारे।

कैदीबन्दीहरूले थुनुवा कक्षको मूल गेटमा ग्यास सिलिन्डर राखेर कारागारमा आगो लगाइदिने चेतावनी पनि दिइरहेका छन् । कारागारभित्रको थप अवस्था थाहा हुन नसकेको सुरक्षा निकायले बताए।

कारागार घटनाको छानविनका लागि पाँच सदस्यीय समिति गठन गरेको छ। शनिबार प्रमुख जिल्ला अधिकारी गोगन बहादुर हमालको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गरेको छ।

समितिमा जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायव निरिक्षक राजकुमार सिह, शसस्त्र प्रहरीका डिएसपी जनकराज पन्त, अनुसन्धान विभागका अनुसन्धान अधिकृत दिपेन्द्र सिह र जिल्ला प्रशासन कार्यालय कैलालीका प्रशासकीय अधिकृत शिवराज जोशी सदस्य रहेको पाँच सदस्यीय छानविन समिति गठन गरिएको प्रमुख जिल्ला अधिकारी हमालले बताए।

यसैगरी जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले झडप भएपछि अवस्था अलिकति असामान्य भएको तर त्यस्तो नियन्त्रणमा लिएको भन्ने समाचार गलत भएको बताए।

घाईतेमध्ये जगदीश राना, रबि चौधरी र आयुष भट्टको अवस्था चिन्ताजनक रहेको छ।

# बसको ठक्करबाट एक जनाको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिका-२ चाँदनी चोकमा आज बिहान बसको ठक्करबाट एक जना वृद्धको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव काफ्लेका अनुसार स्थानीय सीतापुरका ६८ वर्षीय बुदुर चौधरीको घटनास्थलमै मृत्यु भएको छ।

पश्चिमबाट पूर्वतर्फ गइरहेको ना प्र १-०१-००१ ख ४५६० नम्बरको बसले पूर्व-पश्चिम राजमार्गअन्तर्गत चाँदनी चोकमा सोही दिशातर्फ साइकलमा जाँदै गरेका चौधरीलाई पछाडिबाट ठक्कर दिएको थियो।

धानखेततर्फ जाँदै गरेका चौधरीलाई ठक्कर दिएपछि बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।




# वीरगञ्जको रात्रिबजारमा २० लाखभन्दा बढीको अनियमितता



**टुडे समाचारदाता**

पर्सा । पर्साको वीरगञ्ज महानगरपालिकाले आर्थिक वर्ष ०८०/८१ मा रात्रिबजार लगाउने कार्यक्रमको नाममा आर्थिक अनियमितता गरेको पाइएको छ।

वीरगञ्ज महानगरपालिकाले वीरगञ्ज साइक्लिङ क्लबसँग रात्रिबजार लगाउने कार्यक्रमका लागि लागत अनुमान तयार नगरी र प्रतिस्पर्धा नगराई २० लाख २७ हजार २५० रुपैयाँ भुक्तानी गरेको पाइएको महालेखाले औँल्याएको छ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहित कार्यक्षेत्रगत सर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। सोही नियमको उपनियम ८ मा १० लाख रुपैयाँभन्दा बढीको लागत अनुमान भएको काम गराउनका लागि खुला रूपमा आशयपत्र माग गरी परामर्श सेवा खरिद अवलम्बन गर्नुपर्ने व्यवस्था छ।

तर वीरगञ्ज महानगरपालिकाले यी व्यवस्था विपरीत लागत अनुमान तयार नगरी र प्रतिस्पर्धा नगराई २० लाख २७ हजार २५० रुपैयाँ वीरगन्ज साइक्लिङ क्लबलाई भुक्तानी गरेको महालेखाले जनाएको छ।

सार्वजनिक खरिद नियमावलीको प्रावधानअनुकूल नभएको खर्च नियमसम्मत नदेखिएको महालेखाको ६२औँ प्रतिवेदनमा उल्लेख गरिएको छ।

# सवारी दुर्घटनाबाट मधेशमा ५६४ जनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा एक वर्षमा सयौं जनाको सवारी दुर्घटनाबाट मृत्यु भएको छ।

मधेश प्रदेशमा आर्थिक वर्ष २०८१ को साउनदेखि असार मसान्तसम्म ७ हजार ४ सय ४३ वटा दुर्घटना हुँदा ५ सय ६४ जनाको मृत्यु भएको जनाइएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक वकिलबहादुर सिंहले धनुषामा १ हजार २२१ दुर्घटनामा ८४ जना, बारामा १ हजार १४७ घटनाबाट ९३ जना, सलार्हीमा १ हजार ३७ दुर्घटनामा ५६ जना, पर्सामा ५५६ दुर्घटनामा ४७ जनाको सवारी दुर्घटनाबाट मृत्यु भएको जनाइएको छ।

यसैगरि रौतहटमा ८०८ वटा दुर्घटना हुँदा ६६ जना, महोत्तरीमा ६७९ दुर्घटनामा ४५ जना, सिराहामा ९६७ दुर्घटनामा ८९ जना र सप्तरीमा ८२८ दुर्घटनामा ८४ जनाको मृत्तु भएको प्रहरी नायब उपरीक्षक सिंहले बताए।

यस क्रममा जम्मा १० हजार ६७२ वटा सवारी साधन एक अर्कोमा ठोक्किएका सिंहले बताए।

सबैभन्दा बढी धनुषा, बारा र सर्लाहीमा सवारी दुर्घटना भएको तथ्यांकले देखाएको छ।

यस दुःखद घटनाको तिव्रता देखेर, यातायात नियमको पालना र सतर्कता बढाउनुपर्ने आवश्यकता अत्यन्तै महत्त्वपूर्ण रहेको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख एवम् प्रहरी उपरीक्षक रामकुमार सिल्वालले बताए।




मधेश प्रदेशमा सवारी दुर्घटनामा कमी ल्याउन र जनजीवनको सुरक्षामा थप ध्यान दिन यस मातहतका प्रहरीले ट्राफिक जनचेतना सम्बन्धि विविध गतिविधि गर्दै चालकहरुलाई सवारी चलाउदा अति ध्यान दिनुपर्ने कुराको बारेमा जानकारी दिने गरेको प्रहरी उपरीक्षक सिल्वालले बताए।

यसरी मधेश प्रदेशमा करिब साढे ५ सय भन्दाबढी व्यक्तिले सवारी दुर्घटनाबाट ज्यान गुमाउनु कुरा सानो नभएको नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले जिकिर गर्नुको साथै चिन्ता व्यक्त गरे।

यस्तो घटनालाई न्युनीकरण गर्नु र ट्राफिक सम्बन्धी समाजिक जनचेतना जगाउन गाउँटोल लगायतका ठाउँमा समेत प्रचारप्रसारमा जोड दिन आवश्यकता रहेको उनले बताए।

यसैगरी आर्थिक वर्ष २०८१/०८२ को साउनदेखि २०८२ असार मसान्तसम्म मधेश प्रदेशका आठ जिल्लामा २० हजार ८ सय ३९ वटा विभिन्न सवारी साधनलाई कारबाही गरिएको छ। त्यसबाट १८ करोड ३७ लाख ९१ हजार ३५९ रुपियाँ राजस्व संकलन भएको छ।

सो अवधिमा पर्सामा ३० हजार ३२० वटा सवारी साधनलाई कारबाही गर्दा २ करोड ८१ लख ४९ हजार ३५० रुपैयाँ, बारामा २३ हजार ४२४ सवारीबाट २ करोड २४ लाख २ हजार, पथलैयामा ११ हजार २५० सवारीबाट १ करोड ५ लाख १० हजार ५०२ रुपैयाँ, रौतहटमा १६ हजार २४८ सवारीबाट १ करोड ४७ लाख ३८ हजार, सलार्हीमा २० हजार ९ सवारीबाट १ करोड ९७ लाख ७३ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको छ।

यसैगरी महोत्तरीमा २८ हजार ३३२ सवारीबाट २ करोड ५८ लाख ५४ हजार ५०४ रुपैयाँ, धनुषामा २८ हजार ५३५ सवारीबाट २ करोड २१ लाख १० हजार ५ सय रुपैयाँ, सिराहामा ३२ हजार १५७ सवारीबाट २ करोड ५१ लख १९ हजार ५०२ रुपैयाँ र सप्तरीमा १७ हजार ७६४ सवारीबाट १ करोड २७ लाख ९३ हजार ५०१ रुपैयाँ संकलन भएको सूचना अधिकारी सिंहले बताए।

चालु आर्थिक वर्ष ०८२ को साउन २२ गतेसम्म ६९ वटा दुर्घटना हुँदा एक महिला र दुई जना पुरुष गरी ३ जनाको मृत्यु भएको जनाइएको छ।

# रक्षाबन्धन र जनै पूर्णिमाको रौनक

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन र जनै पूर्णिमा (ऋषि तर्पणी) पर्वको अवसरमा आज देशभर उल्लासमयपूर्वक सम्पन्न भएको छ।

जनकपुरधामसहित देशव्यापी रुपमा रक्षा बन्धन पर्व सम्पन्न भएको छ।

वैदिक सनातन धर्मावलम्बीहरूले नदी, ताल, तलाउमा स्नान गरी नयाँ यज्ञोपवीत (जनै) र रक्षासूत्र धारण गरेर यो पर्व मनाइन्छ।

पौराणिक मान्यताअनुसार, सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षाको विधान तयार गरी रक्षासूत्र बाँधेर जोगाएका थिए। यही विश्वासका आधारमा शनिबार पनि गुरु पुरोहितहरूले 'येन बद्धो बलिराजा' मन्त्रोच्चारण गर्दै यजमानको दाहिने नाडीमा रक्षासूत्र बाँधिदिने गर्छन् । यसले नकारात्मक शक्तिबाट सुरक्षा प्रदान गर्ने धार्मिक मान्यता रहेको छ।

यस दिन ब्राह्मण, क्षत्री र वैश्य वर्गका तागाधारीले पुरानो जनै फेरेर नयाँ धारण गर्छन् । यसका लागि उनीहरूले श्रावण शुक्ल चतुर्दशीदेखि नै व्रत बस्ने र पूर्णिमाका दिन बिहानै स्नान गरी जौ, तिल र कुशद्वारा ऋषिहरूको तर्पण गर्ने चलन छ।



अरुन्धतीसहित आठ ऋषिलाई पूजा र तर्पण गरिने भएकाले यस दिनलाई ऋषितर्पणी पनि भनिन्छ।

जनै पूर्णिमाको विशेष परिकारका रूपमा क्वाँटी खाने चलन छ । ११ थरिका गेडागुडी मिसाएर बनाइएको क्वाँटीले शरीरमा रोग प्रतिरोधी क्षमता बढाउनुका साथै पेट सफा गर्ने र वर्षायाममा लाग्ने चिसोबाट बचाउने आयुर्वेदिक मान्यता रहेको छ । आयुर्वेदका चिकित्सकहरूका अनुसार क्वाँटीको रसले रुघाखोकीजस्ता रोग निको पार्न पनि मद्दत गर्छ।

मिथिलाञ्चल क्षेत्रमा दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर यो पर्व मनाउने गर्छन् । यसले दाजुभाइ र दिदीबहिनीबीचको प्रेम सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास रहेको छ।

# कुलोमा डुबेर एक बालकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको शंकरपुरमा कुलोमा डुबेर एकजना बालकको मृत्यु भएको छ।

घर नजिकै रहेको बागमती सिँचाई आयोजनाको कुलोमा डुबेर बागमती नगरपालिका-१०, शङ्करपुरस्थित नयाँबस्तीका १४ वर्षीय कृष्ण मल्लिकको मृत्यु भएको छ। दिनेश मल्लिकका छोरा कृष्ण नुहाउन जाँदा कुलोमा डुबेका सर्लाही प्रहरीले जनाएको छ।

कुलो भत्किएर पोखरी जस्तो भएको ठाउँमा डुबेका बालकको घटनास्थलमै मृत्यु भएको स्थानीयले बताएका छन् । मृतकको शव घटनास्थलबाट निकालेर पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायब उपरीक्षक निरन्जन भट्टराईले जानकारी दिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८